# त्रि-बोधिरस

त्रि-बोधिरस (Tri-Bodhirash) बौद्ध मासिक पत्रिका

वर्ष २, अंक ५, भाद्र पूर्णिमा

बु.सं. २५६३, ने.सं. ११३९, वि.सं. २०७६, 2019 A. D. Aug./Sept.




## बुद्धरस

न तं माता पिता कयिरा-अञ्ञे वा पि च ञातका
सम्मा पणिहितं चित्तं-सेय्यसो नं ततो करे ॥

सुमार्गय् लगे जूगु चित्तं थ:यात गुलि उपकार याईगु ख:
उलि उपकार मां, बा: व कुटुम्बपिन्सं नं याये फइमखु ।।

सुमार्गमा लागेको चित्तले आफूलाई जति उपकार
गर्दछ, त्यति उपकार बाबु आमा र कुटुम्बले समेत
गर्न सक्तैनन ॥

*Not a mother, nor a father, nor any other relative can do more for the well being of one than arightly directed mind can.*

## बिषयसूची


भिक्षु ज्ञानपूर्णिकको संक्षिप्त जीवनी परिचय ३

बुद्धलाई उहाँकै शब्दबाट चिनौं ८
✍ डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर

आजको युगमा बुद्धको सम्झना ! ११
✍ डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर


सुख र शान्तिको अचूकपथ १६
✍ डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर

अहिंसा २०
✍ डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर

मानवता कि दानवता ? २४
✍ डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर

धेरै जान्दैमा धर्मधर बन्दैन २८
✍ डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर





गत अंक

त्रि-बोधिरस (बौद्ध मासिक पत्रिका)

समयमै वार्षिक ग्राहक बनी बुद्ध शिक्षा पढौं, पढाऔं, धारण, पालना गरौं ।
शासनिक योगदान पुऱ्याऔं ।

प्रकाशक/सम्पर्क कार्यालय:
त्रि-बोधि विपश्यना ध्यान केन्द्र
सिद्धिपुर, ललितपुर, फोन: ५५८१४९५,
E-mail: pashavimalo@gmail. com, tribodhirasa@gmail. com




Downloaded from http://www.dhamma.digital

त्रि-बोधिरस
त्रि-बोधिरस
बौद्ध मासिक पत्रिका

धम्मानुशासक
**संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविर**
'अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधज'

सल्लाहकार
**भिक्षु धर्मगुप्त महास्थविर**
**भिक्षु भद्दिय महास्थविर**
**भिक्षु बोधिज्ञान महास्थविर**

सम्पादक
**भिक्षु विमलो स्थविर**
मो. ९८४१५९८३८३

विशेष सहयोगीहरू
**भिक्षु चन्दिमो**
**भिक्षु रेवतो**

आर्थिक व्यवस्थापक/प्रायोजक
**कपिल शाक्य/प्रविता शाक्य**
**राजेश श्रेष्ठ/शोभा श्रेष्ठ**
सितापाइला, काठमाडौं
मो. ९८५१०६१९७५

विज्ञापन व्यवस्थापक
**कृष्ण गोविन्द महर्जन**
मो. ९८५११७२३९५

वितरण व्यवस्थापक
**रामकृष्ण महर्जन**
मो. ९८४१९३४४९४

वितरकहरू
**गौतम तुलाधर**
**कृष्ण प्रताप महर्जन**
**जमुना महर्जन**
**सनम महर्जन**

सेटिङ्ग/मुद्रण
**आइडियल प्रिन्टिङ्ग प्रेस**
ग्वार्को, ललितपुर, फोनः ५५३०५२२

मूल व्यवस्थापन
**श्री सिद्धिमंगल बुद्ध विहार**
सिद्धिपुर, महालक्ष्मी नगरपालिका-६

**प्रकाशक/सम्पर्क कार्यालयः**
**त्रि-बोधि विपश्यना ध्यान केन्द्र**
सिद्धिपुर, ललितपुर, फोनः ५७०९४९५
E-mail: pashavimalo@gmail. com
tribodhirasa@gmail. com

# सम्पादकीय

"नाम जस्तो काम, काम जस्तै नाम" को एउटा उदाहरणीय संगम हो श्रद्धेय गुरुवर आचारिय भिक्षु ज्ञानपूर्णिक महास्थविर नेपालका सातौं सघनायक जो ज्ञानले परिपूर्ण भरिपूर्ण हरेक दृष्टिकोणले शासनिक रूपमा सम्पन्न जसलाई हामी बुद्धशासनमा परियत्ति, प्रतिपति, प्रतिवेधले जान्दछौं । त्रिविध शासनले परिपूर्ण व्यक्तित्व हुनुहुन्छ अग्गमहापण्डित धम्ममाचरिय बुद्धशासनको ध्वजा जो जिउँदो थेरवाद बुद्ध शासनको ज्वलन्त इतिहास बनि बुद्धशासनमा ध्रुवतारा झैं नेपालको थेरवाद शासनमा सधैं चम्किरहने छ ।

प्रेरणाको स्रोत, ज्ञानको भण्डार, नेपाल थेरवाद बुद्ध शासनको कोशे ढुंगा, नेपालको मात्र नभै संसारको लागि धर्मदूतको रूपमा आफ्नो जीवनलाई हिमाल झैं टाढैबाट उभ्याउन सफल भावी पुष्टाको लागि ज्वलन्त नमुना, संघर्ष, धैर्य, त्याग, तपस्याको प्रतिबिम्ब, प्रतिमूर्ति आज नेपालले संघनायकको रूपमा बुद्धशासनमा पाउनु साँच्चै गर्व र स्वाभिमानको विषय हो ।

"झिंगा होइन भमरा बन्न सिक" साँच्चै कति महान वाणी, आज व्यक्ति, परिवार, समाज र देशले यो वाणी आ-आफ्नो क्षेत्रबाट मनन गर्ने हो भने हर व्यक्ति, परिवार, समाज, देश कहाँबाट कहाँ पुगिसक्थ्यो । मरेपछि स्वर्ग हेरौंला भन्नेहरूले पनि यही जुनिमा यहीं साक्षत स्वर्गको दर्शन पाई जीवन सायद धन्य थान्थ्यो होला । सुखकामी हामीले यो वचन यो वाणीलाई आफ्नो जीवनमा पनि धारण गरौं र आफ्नो सन्ततीलाई पनि धारण गर्न लगाऔं अनि साँच्चै जीवन कस्तो सुन्दर हुन्थ्यो होला । यस्तो अमृतोपदेश प्रचार प्रसार गर्नु हुने उहाँ श्रद्धेय भन्तेको गुण यस लोकले कसरी चुक्ता गर्ने होला ? सही मानेमा यी अमृत वचनलाई धारणा पालनाले मात्रै ऋण चुक्ता हुन्छ सायद ।

चन्द्र सूर्यका हिरा, आज चन्द्र सूर्य झैं साँचै साराको हृदयमा हिरा झैं चम्किरहेको छ । वि.सं. १९९६ कार्तिक शुक्ल एकादशी (ई.सं. १९३९ नोभेम्बर २१), तानसेन टक्सार, पाल्पा, लुम्बिनी, पश्चिम नेपाल सुर्यलाल शाक्य । चन्द्रमाया शा( क्यको पवित्र कोखबाट हिरालाल शाक्य, नेपालको थेरवाद बुद्ध शासनमा धर्मदूतको रूपमा अतुल्लिय धर्मउपहार प्रदान गर्नुहुने त्यही धम्मजननी मातापिता प्रति श्रद्धा सुमन अनि बुद्धशासनका धर्मगुरु नेपालका पाँचौं संघनायक श्रद्धेय बुद्धघोष महास्थविर लगायत अग्गमहापण्डित विज्जालंकर सयादो भद्दन्त ऊ. विशुद्धाभिवंश महास्थविर (श्रामणेर उपाध्याचार्) अभिधजमहारट्ठ गुरु अग्गमहापण्डित मस्वःयिङ् सयादो ऊ. सुरियाभिवंश (उपसम्पदा उपाध्याचार्य) अग्गमहापण्डित महाशी सयादो ऊ शोभन महास्थविर (सतिपट्ठान विपस्सना ध्यान गुरु) सयादो ऊ पण्डिताभिवंश महास्थविर (सतिपट्ठान विपस्सना ध्यान गुरु) तथा अन्य धर्मगुरुहरु उहाँहरूप्रति अशिम कृतज्ञ व्यक्त नगरी रहन कसरी सकिएला । उहाँहरूले नै हो आज हिरालाई चम्काएर बुद्धशासनको ज्योति बनाई नेपालको थेरवाद बुद्धशासनमा धर्मउपहार स्वरूप धर्मदूत प्रदान गर्नुभयो । ज्ञानले परिपूर्ण गरि, भरिपूर्ण गरि ज्ञानपूर्णिकको रूपमा उहाँहरू प्रति कोटि कोटि नमन ।

अन्तमा, दश औला जोडी कोमल छाँतले शिर निहुराइ प्रार्थना तथा कामना, थेरवाद बुद्ध शासनको आकाशमा सधैं ध्रुवतारा जस्तै चम्किरहोस्, सुस्वास्थ्य, दीर्घायु, उत्तरोत्तर प्रगति होस् भावी पुस्ताको लागि एउटा ज्वलन्त नमुना बनीरहोस, सदासर्वदा सुखकामीहरूले उहाँबाट असिमित मैत्री करुणा, अनि सुभाशिष पाई जीवन धन्य बनाउन यसै गरी पाइरहोस् । साधु । अस्तु ।



Downloaded from http://www.dhamma.digital

# नेपालका सातौं संघनायक भिक्षु ज्ञानपूर्णिक महास्थविरको संक्षिप्त जीवनी परिचय



- जन्म मिति : वि सं.१९९६कार्तिक शुक्ल एकादशी
  इ.सं.१९३९ नवम्बर२१ तारिक
- जन्मस्थल : तानसेन टक्सार, पाल्पा, लुम्बिनी अञ्चल, पश्चिम नेपाल
- पिता : सूर्यलाल शाक्य हजुरबुबा : मोतिराज शाक्य
- माता : चन्द्रमाया शाक्य हजुरमुमा : लालकुमारी शाक्य
- गृहस्थी नाम : हीरालाल शाक्य

**शिक्षा दीक्षा**

- बाल्यकालको अध्ययन घरैमा । केहि समयको लागि "शील पाठशाला" तानसेन टक्सार, महाचैत्य विहारमा ४ कक्षाको अध्ययन । ११-१५ वर्ष सम्म भिक्षू बुद्धघोष महास्थविरको छत्रछायामा बौद्ध शिक्षा र पालि भाषाको अध्ययन ।
- १६ वर्षको उमेरमा बर्मा (म्यान्मा:) गमन:
  श्रामणेर दिक्षा ग्रहण : वि. सं.२०१३ श्रावण शुक्ल नवमी
  इ.सं. १९५६ अगष्ट १५ तारिख
  उपाध्यायाचार्य : अग्गमहापण्डित विज्जालंकार सयादो भद्दन्त ऊ. विशुद्धाभिवंश महास्थविर ।
  दीक्षास्थल : जम्बुदीप च्याउँ छाउँ, गभाए, यांगुन, बर्मा ।
  श्रामणेर नाम : सामणेर ञाणपुण्णिक (श्रामणेर ज्ञानपूर्णिक)(Shramanara Jnanapurnik)
  बर्मी सरकारद्वारा संचालित बुद्धधर्म अध्ययन सम्बन्धी सरकारी पालि परीक्षामा संलग्न । ३ वर्षको श्रेणीगत परीक्षामा उत्तीर्ण । सक्यसीह सामणेर परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण ।
  अध्ययन स्थल : स्वेवाविङ् च्याउँ । म्याताउँ ताइक्, अनाउप्यिङ्, मण्डले
- उपसम्पदा भिक्षुत्व ग्रहण : वि.सं. २०१५ चैत्रशुक्ल चतुर्थी
  इ.सं. १९५९ अप्रिल १२ तारिख
  उपाध्याचार्य : अभिधज महारट्ठगुरु अग्गमहापण्डित मस्वःयिङ् सयादो ऊ. सुरियाभिवंस
  दीक्षा स्थल : महाखण्डसीमा, गभाय, यांगुन्, बर्मा ।
- इ.सं. १९६३ मा बर्माको सरकारी पालि विश्वविद्यालय उपाधि परीक्षा सासनधज धम्माचरिय उपाधि प्राप्त ।
  अध्ययन स्थल : विशुद्धाराम नव पालि तक्कसीला, नन्दवन् लां,बहां, यांगुन् , बर्मा ( म्यान्मा: )

**बर्मामा कार्यरत**

- विज्जालंकार च्याउँ ताइक् , सइँपान्, मण्डलेमा विद्यार्थीहरुलाई पालि शिक्षा अध्यापन ।
  जम्बुदीप च्याँउ छाउँ, गभाय। यागुन्मा परिचयात्मक संस्कृत अध्यापन ।



Downloaded from http://www.dhamma.digital

"पालि बर्मेली विश्व शब्दकोष" निर्माण कार्यमा संलग्न (इ.सं. १९६४-१९६६)

- इ.सं. १९६६ जुलाईमा भारत प्रस्थान। वाराणसीमा संस्कृत अध्ययन।
- इ.सं. १९६७ मा "वाराणसेय संस्कृत विश्व विद्यालय, वाराणसीमा संस्कृत डिप्लोमा "।
- इ.सं. १९६७ मा नेपाल प्रत्यागमन। (स्वास्थ्योपचार)
- इ.सं. १९७१ मा एस्.एल्.सी उत्तीर्ण।
- इ.सं. १९७४ मा आइ.ए. उत्तीर्ण।

  मणिमण्डप महाविहार, पटको ,पाटन जीर्णोद्धार साथै नयाँ विहार निर्माण। त्यस्तै १९७६ तिर ठेचो गाउँमा वेलुवनारामको निर्माण। (दुइवटै विहारहरूको संस्थापक)
- इ.सं. १९७७ मा बी.ए. उत्तीर्ण।

## विभिन्न सम्मेलनमा सम्मिलित

- इ.सं. १९७९ मा "पाचौं शान्तिको लागि ऐशियाली बौ४ सम्मेलन (ABCP) उलान् बातोर्, मंगोलियामा प्रतिनिधिको रूपमा सम्मिलित। कार्यकारिणी सदश्यमा मनोनित।
- इ.सं. १९७९-८२ सम्म West Midlands Buddhist Centre, Birmingham, England मा धार्मिक सेवा।
- इ.सं. १९८१ मा बर्माका विश्व प्रसिद्ध विपश्यना ध्यानगुरू अग्गमहापण्डित महाशी सयादो आयुष्मान सोभन महास्थविरको धर्मदूत मण्डलको भ्रमणमा वहाँको भाषा परिवर्तकको रूपमा नेपाल तथा भारत भ्रमण।
- इ.सं. १९८२ मा विश्व शान्ति सम्मेलन USSR मोस्कोमा प्रतिनिधि भएर सम्मिलित। (९३ राष्ट्रले भाग लिएको )
- इ.सं. १९८२ मा नै छैठो शान्तिको लागि एशियाली बौद्ध सम्मेलन, उलान् बातोर्, मंगोलियामा नेतृत्व गरि सम्मिलित।

Dhamma.Digital

## स्वदेश र विदेशमा धर्मको सेवा र भ्रमण

- इ.सं. १९८२ -८३ को अन्तसम्म प्रथम अमेरिका भ्रमण। त्यसपछि Buddhist Temple, Nashville, Tennessee, USA मा टेम्पलको प्रमुखको रूपमा १ज्ञ महिना सम्म धार्मिक सेवा।
- इ.सं. १९८२ मा फ्रान्स र जर्मन भ्रमण।
- इ.सं. १९८३ डिसेम्बरमा नेपालमा प्रत्यागमन।
- इ.सं. १९८४ देखि ८८ सम्मको बीचमा "धर्मदूत" धर्मप्रचारको सिलसिलामा फेरि बर्मा ६ पटक, थाइलैण्ड ५ पटक, मलेशिया र शिंगापुर ४ पटक, अष्ट्रेलिया ३ पटक,जर्मन दुइ पटक,इंगलैण्ड १ पटक, अमेरिका ४ पटक आवागमन।
- इ.सं. १९९२ अक्टोवरमा जापान,शिंगापुर र मलेशिया भ्रमण।
- इ.सं. १९९३ मार्चमा स्वास्थ्योपचारार्थ शिंगापुर र मलेशिया गमन।

  अहिले प्रत्येक वर्ष धर्मदूतको रूपमा मलेशिया र शिंगापुर भ्रमण जारी नै छ।
- इ.सं. २००४ इण्डोनेशिया धर्मदूत

...बाँकी अर्को अंकमा



Downloaded from http://www.dhamma.digital



**अन्य प्रकारका धार्मिक सेवाहरू**

- इ.सं. १९८४ विश्व शान्ति विहार, नयाँ बानेश्वरमा निर्माण र बसोबास ।
- इ.सं. १९८९ देखि विश्व शान्ति विहार, नयाँ बानेश्वरमा नयाँ भिक्षु श्रामणेरहरूलाई र श्रद्धालु उपासकोपासिकहरूलाई धार्मिक शिक्षा दिने प्रारम्भ । प्रत्येक शनिवार ध्यान भावना र प्रवचन कार्यक्रम संचालन ।
- इ.सं. १९८४ देखि ८९ सम्म बर्माबाट ख्याति प्राप्त विपश्यना ध्यान गुरुहरू नेपालमा आगमन गराई ठाउँठाउँमा विपश्यना ध्यान शिविर संचालन । "अन्तरराष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमोल स्थापनार्थ र निर्माणार्थ उत्साहित पार्न, प्रेरणा दिनु, व्यवस्था मिलाउनुमा सकिय संलग्न " ।
- ई.सं. १९७० देखि २०१४ सम्ममा प्रकाशनमा आइसकेका लिखित अनुदित ठूला साना धार्मिक पुस्तहरू ५६ पुगिसकेका छन् ।
- धर्मानुशासक - युवक बौद्ध मण्डल-नेपाल, अर्न्तराष्ट्रिय बौद्ध भावना केन्द, शंखमोल, बौद्ध महिला संघ - नेपाल, अभिधम्म अध्ययन समाज, बुद्धिष्ट कम्यूनिकेशन सेन्टर -पाटन, त्रिबोधिरस बौद्ध मासिक पत्रिका
- निवर्तमान शिक्षाध्यक्ष - नेपाल बौद्ध परियत्ति शिक्षा, नेपाल ।
- निवर्तमान अध्यक्ष- अखिल नेपाल भिक्षु महासंघ, नेपाल ।
- भूपू अध्यक्ष - धर्मोदय सभा ।
- भू.पू. सदश्य - लुम्बिनी विकास कोष, नेपाल ।
- निर्देशक - आनन्द भूमि (नेपालको पहिलो बौद्ध मासिक पत्रिका )
- संस्थापक प्रबन्धक - विश्व शान्ति विहार तथा विश्व शान्ति बौद्ध शिक्षालय,
- संस्थापक प्रिन्सिपल - थेरवाद बुद्धिष्ट एकेडमी ।

**यस अंकमा छापिएका भिक्षु ज्ञानपूर्णिक सम्बन्धित पुराना फोटोहरू भिक्षु ज्ञानपूर्णिक ५० औं उपसम्पदा विशेष स्मारिकाबाट लिइएको हो । – सम्पादक**




Downloaded from http://www.dhamma.digital

# भिक्षु ज्ञानपूर्णिक महास्थविर (गृहस्थी नाम हीरालाल शाक्य)को परिवार




पिता सूर्यलाल शाक्य



माता चन्द्रमाया शाक्य (शरणशीला)



बालक हीरालाल शाक्य, तानसेन




दाजु शरणलाल शाक्यसँग हीरालाल, श्रीघः विहार, नघल टोल, काठमाडौं

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital


# भिक्षु ज्ञानपूर्णिक (गृहस्थी नाम हीरालाल शाक्य) को बाल्यावस्था




बाल्यकालका मित्र आशा शाक्यसँग



भोजपुरका उपासक लालधन शाक्य र दाजुसँग काठमाडौं



श्रामणेर सुदर्शनका साथ, श्री सुमंगल विहार, लुँखुसि, ललितपुर



भिक्षु सुबोधानन्द र श्रीघ बिहारको सेवामा हीरालाल



Downloaded from http://www.dhamma.digital

# बुद्धलाई उहाँकै शब्दबाट चिनौं

**डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर**
अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधज, धम्माचरिय

ऐतिहासिक सप्रमाण हुनुभएका बुद्ध गौतम तथागत हुनुहुन्छ। उहाँ ई.पू. ६२६ मा पश्चिम नेपालको शालोद्यान लुम्बिनीमा जन्म हुनु भएको हो। उहाँको बुबा कपिलवस्तुका शाक्याधिपति राजा शुद्धोदन हो भने ममतामयी आमा रानी महामायादेवी हुनुहुन्छ । जन्म भएको ५ औं दिनमा उहाँलाई जोतिषाचार्यहरूले सिद्धार्थ भनी नामांकित गरिए । सबै अर्थलाई सिद्ध गर्न सक्ने भन्ने यसको भाव हो ।



शाक्याधिपति राजा शुद्धोदनले सिद्धार्थ कुमारलाई गृहबन्धनमा बाध्नका लागि त्यस अवस्थामा दिनसक्ने सम्पूर्ण भौतिक सुख-सुविधाहरू प्रदान गरिराखेका थिए । १६ वर्षको युवा वस्थामा सर्वसुन्दरी अनिविभिन्न गुणले युक्तभएका, लक्षणले पूर्ण भएका, विनादागका चरित्र भएका, सुवर्ण मूर्ति स्वरुपबिम्बा, यशोधरा सँग विवाह गराई चालीस हजार सखीहरू पनि व्यवस्थाहरू गरिदिए। १३ बर्षसम्म राजकीय भौतिक सुखसयलमा हुर्केका, कामभोग सुख विलासमा डुबेका, कामपिपाशु यौवनमत्ता महिलाहरूको बीचमा एक पुरुषको रुपमा नृत्य गीत वाद्यवादनले रमाइरहेका राजकुमार सिद्धार्थ २९ वर्षको उमेरमा जीवन र जगत्को यथार्थतालाई बुझ्ने उत्सुकता उत्पन्न भयो । आफ्नै एक्लो छोरो जन्मकै दिनती सबैलाई थुक फाले झैं फाली महाभिनिष्क्रमण गर्नुभयो। एक योजन (८ माइल) क्षेत्रफल भएको सप्तरत्नले भरीभराऊ भएको सुवर्ण घडा, तीन वटा ( ६ माइल) क्षेत्रफलभएको सुवर्ण घडा, आधा योजन (४ माइल) क्षेत्रफलभएको ठूल-ठूला तीन वटा सुवर्ण घडा पनि यस अन्तर्गत पर्दछ। वास्तविक सम्पत्तिका मालिकका रुपमा विचार गर्ने हो भने विश्व ब्रम्हाण्डमा उहाँ जस्तो अर्बपति, खर्बपति शंखपतिका रुपमा लिने हो भने उहाँको दाँजोमा आउन सक्ने सम्पत्तिवालाहरू कोहोला ? त्यसैले उहाँको गृहत्यागलाई महाभिनिष्क्रमण भनी सम्मान गरी सम्बोधन गरिएको हो ।

गृहत्याग पछि पात्रको भरोसामा जिउनु भई उकिञ्च नभई भवसंसारको दुःखको मूल जरा खोज्नुभयो । त्यसै भएर उहाँ त्यस युगमाप्रचलित सबै धार्मिक आस्थाहरूलाई आफ्नो अनुभूतिमा ढाल्नु भई राम्ररी अनुभव गर्नुभई दुष्कर तपश्या-चर्यामा छाला र हड्डी मात्र बाँकि रहने गरि, अहिले मर्ने कि पछि मर्ने हो ? मर्‍यो नै किभन्ने अवस्था सम्म पुग्ने गरी उहाँले कष्टप्रद आत्मकलमथ आत्मदाह निरर्थक चर्या पनि उहाँले गर्नुभयो । सबै काम नलाग्ने, सबै बेकार तथा निसार भनी बुझी ती सबै चर्यालाई छोड्नु भयो । मध्यमप्रतिपदाको आर्य मार्गमा आफ्नो पाइला बढाएपछि मात्र उहाँलाई आफुले खोजेको जीर्णत्व, रोग र मरणबाट मुक्तभएको धर्म प्राप्तभयो । चार आर्यसत्यलाई तीन परिवर्त, १२ आकार प्रकारले यथाभूत ज्ञानदर्शनले राम्ररी विशुद्ध हुनुभएको भयो। अनिमात्र उहाँको जाति क्षीण भयो । ब्रह्मचर्य उत्तमाचरण आचारण गरि सकें, गर्नुपर्ने सबै कार्य सम्पन्नभयो । अब पछि गर्नुपर्ने केही पनि बाँकि रहेन, यो नै मेरो सर्वन्तिम जन्म हो। अब यसपछि पुर्नभव मेरो निम्ति रहेन भनी विश्व ब्रह्माण्डलाई थाहाँ पाउन



Downloaded from http://www.dhamma.digital

दिनुभयो । उहाँ माधर्मचक्षु, ज्ञानचक्षु, विद्या, प्रज्ञा र रश्मि उत्पन्न भयो । सर्वज्ञता ज्ञानसहित उहाँ बुद्ध हुनुभयो ।

अहिलेको अवस्थाबाट हिसाबकिताब गर्ने हो भने उहाँ जन्मनु भएको २६४२ वर्ष भयो । उहाँ बुद्ध हुनुभएको २६०७ बर्ष भईसकेको छ ।

बुद्धत्व प्राप्ति पछि सात सप्ताह उहाँले बोधिवृक्ष र त्यसको दायाँएक/एक सप्ताह बिताएपछि आफैले प्राप्त गर्नु भएको ज्ञान राम्ररी निरीक्षण, संश्लेषण, विश्लेषण, अनुमर्जन, परिमार्जन अनि प्रत्यक्षण गर्नु भएपछि प्राप्त गर्नुभएको जुन विमुक्तिसुखलाई यथार्थ अनुभव गर्नुभयो । यो बुद्धको अतुलनीय विशेषता हो ।

आठौं सप्ताहमा सहम्पति ब्रम्हाबाट तीनचोटि सम्म अनुनयविनयपूर्वक धर्मदेशनाको निम्ति याचना र अनुरोध भएपछि त्यसलाई उहाँले स्वीकार गर्नुभयो ।

बोधिवृक्ष मूलबाट ऋषिपतन मृगदावन, वाराणसीतर्फ गईराख्नुभएको अवस्थामा बोधिवृक्ष र गयाको बीचमा उहाँले उपकनाम गरेका एक आजिवक भेट्नुभयो । बुद्धको प्रभावशाली ओजश्वी, तेजश्वी, संयमित इन्द्रिय, प्रशन्न प्रफुल्लित आकृति र व्यक्तित्व देखी त्यस आजिवक अचम्भित भए; आश्चर्यचकित भए; त्यसैले उनले आफ्नो मनोभावना यसरी प्रकट गरे -

"मित्र, तपाईको इन्द्रिय विशेष रुपले नै निर्मल भई चम्किरहेको छ; तपाईको रुपलावण्य अति नै सुन्दर भईरहेको छ, तपाई कसलाई उद्देश्य गरी प्रव्रजित हुनुभएको हो ? तपाईको गुरु को हो ? तपाईले कसको धर्मलाई अफ्नाउनु भएको छ ?"

उहाँ तथागतले उपक आजीवकको प्रश्नको उत्तरको रुपमा यसरी आफैले आफ्नो परिचय दिनुभयो -

"उपक ! म सबैलाई अभिभूत गर्नुसक्छु, सबै थाहाँ पाउन सक्छु, सम्पूर्ण धर्ममा ( क्लेशमा) टाँस्सिने छुइन, सबै कुरालाई त्याग गरिसकेको छु, तृष्णाक्षय भईरहेको (निर्वाणलाई) आलम्बन गर्न सक्ने कारणले क्लेशबाट मुक्त भइसकेको छु, स्वयम् आफैले विशेष रुपमा जानीबुझी सकेको हुनाले मैले कसलाई गुरुको रुपमा स्वीकारौ !"

"उपक ! मेरो गुरु छैन, म समानको अरु कोही छैन, देवसहितको लोकमा मेरो तुलना गर्नु सक्ने व्यक्तिहरू कोही पनि छैन ।"

"म यस लोकको अरहन्त हुँ, म समानको कोहीपनि छैन, देव मनुष्यहरूको शास्ताहुँ, म एक जनामात्र (सम्पूर्ण धर्महरूलाई) स्वयम् आफैले यथार्थ रुपमा बुझ्ने सम्यक्सम्बुद्ध हुँ । क्लेशरुपी आगो शान्त भएको हुनाले शीतल भएको छु, धर्मचक्र प्रवर्तन गर्नका लागि काशी अञ्चलको वाराणसी नगरमा जान लागेको हुँ । अन्धा समान भएको लोकमा (धर्मरुपी) अमृत देशना गर्न जान लागेको हुँ ।"

"मित्र ! तपाईले स्वीकार गर्नुभए अनुसार अन्त नभएको ज्ञानले सम्पन्न हुनुभएको (क्लेशमार, मृत्युमार, अभिसंस्कारमार, देवपुत्रमार र स्कन्धमार) सबैलाई जिती सक्नु भएको "जिन"हुनु भएको हो ? "भनीउपकले फेरि प्रश्न राखेको अवस्थामा -

तथागत सम्यकसम्बुद्धले यसरी उत्तर दिनुभयो -

"उपक ! आश्रव धर्मलाई क्षयअवस्थामा पुऱ्याइसकेको म जस्तो व्यक्तिहरूलाई "जिन"भनी सम्बोधन गरिन्छ; मैले हीन, पाप, अकुशलधर्महरूलाई जितीसकेको हुनाले म "जिन"हुँ ।"

तथागतको तर्फबाट प्रकट भएको यी स्वःपरिचयगुणलाई यदि हामीले राम्ररी बुझ्ने हो भने "बुद्ध" वास्तवमाको हो ? कस्तो हो ? भन्ने कुरा हामी स्पष्ट हुन्छौं ।

यही क्रममा अर्को एउटा स्मरणिय प्रसंग छ । जुन प्रसंगले हामीलाई बुद्धसँग राम्ररी परिचित हुन सजिलो हुने भएकाले यहाँ अगाडि सार्दैछु । प्रसंग यसप्रकार रहेको छ ।

एक समयमा भगवान् बुद्ध उक्कट्ठा र सेतब्यको बीचमा चारिका गरिरहनु भएको थियो । स्वभाविक रुपमा उहाँ खाली खुट्टा हिडिरहनु भएको थियो । जुन जमीनमा उहाँले पाईला टेक्नुहुन्थ्यो, त्यस जमिन समतल अनि नरम भईरहेको थियो । भगवान बुद्धको पाईला पनि दुवै समतलको थियो । त्यसैले नाभि (नाइटो) र नेमिसँगै एक हजार आर भएको चक्र अंकितभइराखेको थियो । द्रोणनामक एक ब्राह्मण यी पाइलाहरुका लक्षण देखी अत्यन्त आश्चर्य चकित भए ।

अहो, आश्चर्य, अद्भुत ! निस्सन्देह यो जसको पाइला भएनि मानिसको हुनसक्दैन । हेरौं, यो पाईला भएको व्यक्तिको हो ? यो जिज्ञासा लिई त्यस पाईलालाई आधार लिई त्यहाँ सम्मपुगे, जहाँ भगवान बुद्ध एउटा रुखमुनी ध्यान बसी रहनुभएको थियो । त्यसले भगवान बुद्धलाई आँखा नै झिमिक्क नगरी हेरिरहे । यस्तो शरीर लक्षणले युक्त भएको व्यक्ति त्यसले कहिल्यै पनि देख्न पाएका थिएनन् । साँच्चै, यो व्यक्ति कोहि सामान्य व्यक्ति हुनैसक्दैन । त्यसैले



Downloaded from http://www.dhamma.digital

कौतुहलतावश उनले भगवान् बुद्धलाई सोधे-

"के तपाई देवता हो ?"

"ब्राह्मण, म देवता होइन ।"

"के तपाई गन्धर्व त होइन?"

"ब्राह्मण म गन्धर्व पनि होइन ।"

"त्यसो भए तपाई यक्ष हो त ?"

"ब्राह्मण, म यक्ष पनि होइन ।"

"त्यसो भए तपाई मानिस हो त ?"

"ब्राह्मण, म मानिस पनि होइन ।"

–"देवता होइन, गन्धर्व होइन, यक्ष होइन, मानिस होइन त्यसो भएतपाई को हो त ?"

भगवान बुद्धले जवाफ दिनुभयो –

"ब्राह्मण, मलाई बुद्ध भनी ठान ।"

अभिञ्ञेय्यं अभिञ्भावं, भावेतब्बञ्चभावितं ।

पहातब्बं पहीनं मे, तस्मा बुद्धोस्मि ब्राम्हण ॥

"हे ! ब्राह्मण, जुन दुःखसत्य र निरोधसत्यलाई अभिज्ञात गर्न योग्य छैन, त्यसलाई मैले अभिज्ञात गरिसकें। जुन मार्गसत्य भाविता गर्न योग्य छ, त्यसलाई मैले भाविता गरिसकें । जुन समुदय सत्यलाई प्रहाण गर्न योग्य छ, त्यसलाई मैले प्रहाण गरिसकें। हे, ब्राह्मण, त्यसैले म बुद्ध हुँ।"

यसको पछाडि कुनै पनि कारणबाट जन्म हुने छैन ।

यस्तो मुक्ति व्यक्ति आफुलाई आफुले यी मरणधर्मीहरू, देव, गन्धर्व, यक्ष, ब्रह्मा र मनुष्यहरूको नामबाट पुकार नगर्नु नै उचित हुन्छ। बुद्ध मुक्तभएको हो, त्यसैले भद्रभुत भएको हो, अरुभन्दा अलग्ग भएको हो। अरु जस्तो संसारमा लिप्त भएको हुँदैन ।

"जसरी राम्ररी फुलिरहेको कमलको फूल पानीबाट अलग्ग भएको हुन्छ, त्यसरी नै म पनि यस लोकमा लिप्त छैन, त्यसैले हे ब्राह्मण म बुद्ध हुँ ।"

यसरी हामीले उहाँ अरहत् सम्यक्सम्बुद्ध तथागतलाई उहाँको नै भाषाबाट परिचित हुनु हाम्रो लागि कल्याण कारक, लाभ प्रदायक हुन्छ। उहाँलाई अन्य विभिन्न कारणले बुझ्नु सतही मात्र हुन्छ। सविस्तार हामी उहाँको परिचय दिन सक्दैनौं, त्यो क्षमता हामीमा छ न पनि छैन । कारण हामी क्लेशमा लिप्त भईरहेका छौं । सबैले सही अर्थमा बुझी बुद्धलाई अपनाउन सकेमा हाम्रो जीवन धन्य हुने विचार गरेको छु । आ-आफैले आफ्नो जीवन धन्य भन्न सक्ने, भन्न पाउने हुन सकौं । सबैको कल्याण होस्



लुम्बिनीमा नेपालका अग्रज भिक्षुहरुद्वारा सामुहिक उपसम्पदा प्रव्रज्या



Downloaded from http://www.dhamma.digital

# आजको युगमा बुद्धको सम्झना !

**डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर**
अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधज, धम्माचरिय



हाम्रा अहिलेका ऐतिहासिक भगवान् गौतम बुद्ध बोधि प्रणिधान पछि चार असंख्य र एक लाख कल्पको समय बिताई दश पारमिता दश उपपारमिता दश परमत्थपारमिताको हिसाबले ३० प्रकारका पारमिता गुणधर्महरु परिपूर्णगरी अहिले बर्तमान अवस्थामा प्रचलित बुद्धसम्बत् अनुसार आज भन्दा २६४२ वर्ष अगाडि वर्तमान नेपालको भौगोलिक स्थिति अनुसार नेपालको पश्चिमी तराई भागको लुम्बिनी शालोदचानमा भावीबुद्ध बोधिसत्व सिद्धार्थ वैशाखपूर्णिमाकै दिन जन्मनुभएको थियो । लुम्बिनीमा विद्यमान सम्राट अशोकको शिलास्तम्भमा कुँडिएको ब्राह्मीलिपीमा स्पष्ट शब्दमा भनिएको छ "हिद बुधे जाते सक्यमुनीति" ..... लुमिनीगामे ......... ॥ कपिलवस्तुका शाक्यराजा शुद्धोदन वहाँको पिताश्री हुनुहुन्थ्यो र महामाया देवी वहाँकी माताश्री । अनि महाप्रजापति गौतमी वहाँकी सानीआमा । बोधिसत्व जन्मेको सात दिन पछि महामायादेवी स्वर्गे भइन् । वहाँलाई सानीआमा महाप्रजापति गौतमीले आफ्नै दूध खुवाइ पालन-पालन गरी हुर्काएकी थिइन् ।

गृहत्याग गर्ला भन्ने डरले १६ वर्षको उमेरमा यशोधरादेवीसँग वहाँको विवाह सम्पन्न गरिदिएका थिए । २९ वर्षसम्म वहाँले सुखसयलको जीवन बिताउनुभएको थियो । वृद्ध, रोगी र मृतकको दृश्यले वहाँलाई गृहत्याग गर्न घचघच्यायो र भिक्षु श्रमणको दृश्यले यसलाई ठोस आधार प्रदान गर्यो । छोरो राहुल जन्मेकै दिनको मध्यरात वहाँले छन्न सारथीलाई साथ लिई कन्थक घोडाममा चढी आजभन्दा २६१३ वर्ष अघि महाभिनिष्क्रमण गर्नुभयो । अनोमा नदीको तीरमा राजकीय जीवन परित्याग गरी श्रमणभेष धारण गर्नुभयो । तत्पश्चात् ज्ञानको खोजिमा आलारकालाम र उदकरामपुत्त जस्ता प्रत्यक्षदर्शी स्वानुभवी तपस्वीहरु कहाँ गई शीर्षस्थ ध्यान विधि लाभ गर्नुभयो । त्यो भन्दा माथिको ज्ञान दिलाउनसक्ने आचार्यहरु त्यसपछि वहाँले भेट्टाउन सक्नुभएन र उरुवेलवनमा रही ६ वर्षसम्म कठोर तपस्यामा तल्लीन हुनुभयो । शरीर मात्र जीर्ण शीर्ण भयो, वहाँले खोजेको ज्ञान लाभ भएन । तपस्याको निरर्थकतालार्य बुझी वहाँले आफ्नै चिन्तन मननद्वारा मध्यममार्गको पत्ता लगाउनु



Downloaded from http://www.dhamma.digital

भयो र त्यसैको माध्यमबाट वहाँले ३५ वर्षको उमेरमा वैशाख-पूर्णिमाको दिन प्रथमप्रहरमा पूर्वेनिवासानुस्मृतिज्ञान मध्यमप्रहरमा दिव्यचक्षुज्ञान अथवा च्युति उपपत्तिज्ञान र अन्तिमप्रहरमा आश्रवक्षयज्ञान प्राप्त गरेर सर्वज्ञताज्ञानका साथ अरहत्तमार्ग फलज्ञान नामक बोधिज्ञान लाभ पछि २६०७ वर्ष अघि सर्वज्ञबुद्ध हुनुभयो । सात सप्ताहसम्म बोधिवृक्ष वरीपरी विमुक्तिसुखको प्रत्यक्ष अनुभव गरेर बिताउनुभयो ।

बुद्धत्व लाभको आठौं हप्तापछि बुद्धगयाबाट यात्रा प्रारम्भ गरी बाराणसीतिर लाग्नुभयो, आषाढ पूर्णिमाको दिन बाराणसीको नजिकको ऋषिपतन मृगदावनमा पञ्चभद्रवर्गीय, ब्राह्मण ऋषिहरुलाई पहिलो उपदेशको रुपमा धर्मचक्रप्रवर्तनसूत्रको उपदेश दिएर आफूले पाएको ज्ञानको अनुभव साक्षात् तवरले तिनीहरुलाई पनि गराउनुभयो। यही क्रमले ४५ वर्षसम्मको आफ्नो अमूल्य उपदेशहरूद्वारा देवादिमनुष्यहरुलाई स्वर्ग मोक्षमार्गको प्रदर्शन गर्नुहुँदै ८० वर्षको उमेरमा वहाँले मल्ल राजाहरुको शालवन कुशीनगरमा वैशाख-पूर्णिमाको दिन आजभन्दा २५६२ वर्ष अघि सम्पूर्ण संस्कारधर्म नाशवान हुन् भन्ने यथार्थतालाई प्रदर्शित गर्नुभई महापरिनिर्वाण प्राप्त गर्नुभयो ।

बुद्धका मौलिक उपदेशहरु सप्तत्रिंशत् बोधिपक्षिधर्मको रूपमा अद्यापि सुरक्षित छन् । ती हुन् - ४- स्मृतिप्रस्थान, ४-सम्यकप्रधान, ४-ऋषिपाद, ५-बल, ५-इन्द्रिय, ७-बोध्यङ्ग र ८-आर्यमार्ग । जसलाई आर्य अष्टाङ्गिकमार्ग अथवा मध्यमप्रतिपदा भन्दछ ।

४- स्मृतिप्रस्थान भनेको - कायानुपश्यना वेदनानुपश्यना चित्तानुपश्यना र धर्मानुपश्यना हुन् ।

४- सम्यक्प्रधान भनेको - अनुत्पन्न + पापक अकुशल धर्महरुलाइृ उत्पन्न हुन नदिन प्रयास गर्नु, उत्पन्न पापक अकुशल धर्महरु प्रहाण गर्न प्रयास गर्नु, अनुत्पन्न कुशलधर्म उत्पन्न गराउन र उत्पन्न कुशलधर्म अझ बढी अभिवृद्धिको निमित्त प्रयास गर्नु ।

४- ऋद्धिपादन भनेको - छन्द ऋद्धिपाद, वीर्य ऋद्धिपाद, चित्त ऋद्धिपाद र विमंश ऋद्धिपाद हुन् ।

५- बल भनेको- श्रद्धाबल, वीर्यबल, स्मृतिबल, समाधिबल र प्रज्ञाबल हुन् ।

५- इन्द्रिय भनेको- श्रद्धा इन्द्रिय, वीर्यइन्द्रिय, स्मृतिइन्द्रिय, समाधिइन्द्रिय र प्रज्ञाइन्द्रिय हुन् ।

७- बोध्यङ्गभनेको-स्मृतिसम्बोध्यङ्ग,धर्मविचयसम्बोध्यङ्ग, वीर्यसम्बोध्यङ्ग, प्रीतिसम्बोध्यङ्ग, प्रश्रब्धिसम्बोध्यङ्ग, समाधिसम्बोध्यङ्ग र उपेक्षासम्बोध्यङ्ग हुन् ।

८- आर्यमार्ग भनेको- सम्यक्-दृष्टि, सम्यक्-संकल्प, सम्यग्-वचन, सम्यक्-कर्मान्त, सम्यग्-आजीविका सम्यक्-स्मृति र सम्यक्-समाधि हुन् ।

दुःख-सत्य, दुःख-समुदयसत्य, दुःख-निरोधसत्य दुःख-निरोधगामिनिपटिपदा आर्यसत्य (मार्ग-सत्य) यी चार सत्यको यथार्थ सही एवं सम्यक्-ज्ञानलाई सम्यक्-दृष्टि भन्दछ ।

दुःख भनेको (१) जन्म हुनु (२) बृद्ध-वृद्धा हुनु (३) मरण हुनु (४) शोक-विलाप-शारीरिक पीडा-मानसिक पीडा हृदय जलन वा डाह (५) अप्रिय संयोग (६) प्रिय वियोग (७) इच्छालाई पूरा गर्न नसक्नु । विशेषतः जन्मनु, वृद्धवृद्धा हुनु, रोगी हुनु, मरण हुनु, शोक-विलाप शारीरिक र मानसिक पीडा खप्नु, हृदय जलन वा डाह भोग्न नपाए कति राम्रो भन्ने इच्छालाई पूरा गर्न नसक्नु । (८) संक्षेपमा पाँच उपादानस्कन्ध (धारण गर्नु) नै दुःख हुन् । उपादान- दरिलो पकड, सुदृढ रूपले समात्नु; मजबूत आशक्ति ।

५- उपादानस्कन्धहरु :- रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान ।

**समुदय भनेको तृष्णा**

(१) कामतृष्णा (२) भवतृष्णा र (३) विभवतृष्णा

निरोध भनेको तृष्णाको विल्कुल अभाव, निरोध, परित्याग पूर्णत आलय रहित अवस्था, निर्वाण ।

आर्यमार्ग भनेको : माथि उल्लेख भइसकेको छ । जसको संक्षिप्त व्याख्या अहिले यहाँ हुँदैछ ।

(२) सम्यक्संकल्प : नैष्क्रम्यसंकल्प, अव्यापादसंकल्प,



Downloaded from http://www.dhamma.digital

अविहिंसासंकल्प ।

(३) सम्यग्वचन : मृषावाद (भ्ूठ बोल्नु) पैशून्यवचन (चुगली गर्नु, कुरा काट्नु) पौरुषवचन (कडा बोलि, गालि गर्नु) सम्प्रलाप वचन (निरर्थक, बेमतलबको कुरा गर्नु) बाट विरत रहनु ।

(४) सम्यक्कर्मान्त : प्राणीहिंसा, अदिन्नादान (चोरी गर्नु) काममिथ्याचार (व्यभिचार) गर्नुबाट विरत रहनु ।

(५) सम्यगआजीविका : जीवन निर्वाहको लागि माथि उल्लिखित ४- वाक्दुश्चरित्र ३-काय दुश्चरित्र यी ७ दुश्चरित्रहरुबाट विरत रहनु अथवा - सत्व, शस्त्र, मांस, विष, मादकपदार्थ बेचबिखनलाई मिथ्या आजीविका भन्दछ। त्यसबाट विरत रहनु ।

(६) सम्यग्व्यायाम : १) अनुत्पन्न पापक अकुशलधर्म उत्पन्न हुन नदिन प्रयास; २) उत्पन्न पापक अकुशलधर्म प्रहाण गर्न प्रयास; ३) अनुत्पन्न कुशलधर्म उत्पन्न गराउन प्रयास र ४) उत्पन्न कुशलधर्म अभिवृद्धिको निमित्त प्रयास ।

(७) सम्यक्स्मृति : कायानुपश्यना, वेदनानुपश्यना, चित्तानुपश्यना र धर्मानुपश्यना, यी ४ धर्म माथि स्मृति ।

(८) सम्यक्समाधि : प्रथमध्यान, द्वितीयध्यान, तृतीयध्यान र चतुर्थध्यान प्राप्ति । यी आर्य अष्टांगिक मार्गको संक्षिप्त रूपरेखा शील, समाधि र प्रज्ञा ।

यसैलाई त्रिविधशिक्षा, त्रिविधशासन, त्रिविधदेशना, त्रिविधकथा, त्रिविधमार्गांग पनि भन्दछन् ।

त्रिविध सद्धर्म- परियत्ति, प्रतिपत्ति र प्रतिवेध ।

**नेपालको बुद्धधर्म**

नेपालमा अहिले प्रचलित बुद्ध-धर्म १) थेरवाद २) वज्रयान र ३) महायान

तर सामान्य रूपमा भन्नुपर्दा वज्रयान भित्र पनि तन्त्रयान, मन्त्रयान र सहजयान भनेर छुटयाउने प्रचलन पनि नभएको होइन । नेपालमा थेरवादको पुनर्जागरण भएको समय ६५-७० वर्ष जति भइसकेको छ ।

खास रूपमा नेपाली बौद्धहरूको सोचाइ अनुसार वज्रयानलाई नै नेपालको पुरातन बुद्ध-धर्म भन्ने मान्यता छ।

महायान भन्दा विशेषतः तिब्बती परम्परा अनुसार चल्ने बौद्धहरुलाई निर्देशित गरेको देखापर्दछ ।

यी तीनै परम्परालाइ नेपाली बौद्ध श्रद्धालुहरुले आफ्नो धर्मको रूपमा स्वीकारी मान्दै आइरहेको पाइन्छ।

आफ्ना बौद्ध संस्कार सम्बन्धी कुनै पनि क्रियाकलाप मनाउनुपर्दा यी तीनैलाई निम्त्याई कार्यसिद्ध गर्ने परम्परा अघि सर्दै गइरहेको छ । यसमा कुनै किसिमको बाधा अर्चना देखापरेको पाइँदैन । सामञ्जस्यता कायम भइरहेको छ । सहिष्णुता र सहानुभूतिपूर्णि ढंगले तीनै समूहको काम निर्विघ्न सम्पादन भइरहेको छ । आ-आफ्नो मूल्य र मान्यता अनुरूप चलिरहेको छ ।

ध्यानभावनाको क्षेत्रतिर दृष्टि दिएर भन्नुपर्दा तीनै परम्परामा कुनै किसिमको विभेद देखा परेको पाइँदैन । विशेषतः विपश्यना भावनाको क्षेत्रमा ।

हाल नेपालमा विपश्यना ध्यानकेन्द्र दुइवटा छन्; एउटा अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमोल र अर्को धर्मश्रृंग विपश्यना केन्द्र, बुढानीलकण्ठ ।

यी दुबै केन्द्रहरुमा तीन परम्पराका साधक साधिकाहरु मेलमिलापका साथ सहभागी भई साधनामा जुटेका छन्। भावनाका र रसास्वाद पाइराखेकाछन्। कुनै प्रकारको मत भिन्नता देखापरेको छैन । खुशीको कुरा त अन्य अन्य धर्मावलम्बीहरु पनि यसमा झन् झन् सम्मिलित हुँदै गइरहेका नै छन् ।

यो त अति नै रामो प्रेरणास्प्रद र उत्साहजनक वातावरण नै भन्नुपरेको छ। यसबाट बौद्ध एकताको र धर्म एकताको आभास झल्किँदै गइरहेको छ। यस भावनालाई जीवित राखिराख्नु नितान्त आवश्यक छ। जसबाट धर्ममा उकीकरण र सौहार्द्रताको भावना प्रस्फुटित भइरहने छ। नेपाली बौद्धहरुको सुदृढिकरण पनि यसैबाट हुनसक्दछ। नेपालमा धार्मिक सहिष्णुता छ भन्ने पनि यसले मद्दत पुर्‍याइरहने छ। टेवा मिल्ने छ। ♦

भवतु सब्बमंगलं ।




Downloaded from http://www.dhamma.digital


# भिक्षु ज्ञानपूर्णिक महास्थविरका गुरुहरू



म्यान्मार्का मन्डलेका पुजनीय राजगुरू
मूल म्याताउँ सयादो



परमपूज्य श्रामणेर उपाध्याय गुरू सयादो ऊ
विसुद्धाभिवसं महास्थविर विज्जलंकार, सुइँपान्, मण्डले



नेपालका संघमहानायक पूज्यपाद भद्दन्त प्रज्ञानन्द
महास्थविर




परमपूज्य महोपकारक महासी सयादो नेपाल आगमन
(इ.सं. १९८१)



Downloaded from http://www.dhamma.digital


# भिक्षु ज्ञानपूर्णिक महास्थविरका गुरुहरू




परमपुज्य सयादो ऊ. सासनाभिवंस अध्यापक गुरू, मण्डले



सयादो ऊ पण्डिताभिवंस, अमेरिका धर्मप्रचार



पूज्यपाद संघनायक भिक्षु बुद्धघोष महास्थविर



सयादो ऊ शीलानन्दाभिवंस महास्थविर अध्यापक गुरू, मण्डले



Downloaded from http://www.dhamma.digital

# सुख र शान्तिको अचूकपथ

**डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर**
अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधज, धम्माचरिय

यो संसार अनौठो छ, गजबको छ विचित्र छ। यहाँ दिनहुँ सबै प्रकारका सयौं घटनाहरु घटिरहेका हुन्छन्, अनकौं रूपाकृति लिएर। तर तिनीहरूलाई खास तौरमा विभेद गर्ने हो भने स्पष्ट अनुभूतिको आधारमा त्रिविध प्रकारले विभेद गर्न सकिन्छ, दुःखद, सुखद एवं मध्यस्थ रूपमा।

दुःखद घटनाहरू कसैलाई मनपर्दैनन्। सुन्न पनि चाहन्नन्। तै पनि तिनीहरूबाट बिल्कुल मुक्त पनि त हुन सक्तैनन्। त्यसैमा प्राणीहरू रूमल्लिरहेका हुन्छन्, अल्भिरहेका हुन्छन् बेरिरहेका हुन्छन्। छुटकारा पाउन चाहेर पनि छुट्न सक्तैनन्। सुखद घटनाहरू सबैलाई प्रिय मनाप हुन्छन्, तर तिनीहरू क्षणिक मात्रको लागि हुन्छन्। मध्यस्थ घटना सामान्यतः अनुभवमा उतार्न सजिलो देखिंदैन। तसर्थ जीवनको प्रत्येक घडीमा घटीरहने घटनाहरू त दुःखद घटनाहरू नै हुन्छन् चाहेर पनि न चाहेर पनि। त्यसबाट कोही पनि सांसारिक प्राणी बच्न सक्तैनन्, श्रमण ब्राह्मण, राजरंक, धनी गरीब, उँचनीच, विज्ञ मूर्ख जस्तोसुकै किन नहोस्।

किन होला ! के हामीले आजसम्म यस विषयमा गम्भीर सोचाई र गहन अध्ययन गर्न सकेका छौं र ? यसको सकारात्मक उत्तर पाउनु भन्दा नकारात्मक उत्तर नै अघि सर्ला जस्तो हामीलाई लाग्छ। किन भने हाम्रो सम्पूर्ण जीवन नै त्यस दिशातिर उन्मुख भइराखेको छ, जहाँ कुनै किसिमको वातावरण नै छैन, जसबाट हामीमा त्यो जिज्ञासा जागोस् जसले गर्दा कि हामीलाई त्यस विषयमा अध्ययन गर्ने उत्सुकता सजिलैसित उम्रेर आओस्।

आजको संसार प्रायसः भौतिकवादमा आधारित छ। पंच इन्द्रियद्वारा जे जति अनुभवजन्य कुरा हो त्यसैमा आज सुखको खोजीनीति भइराखेको छ। दर्शनजन्य सुख, श्रवण, घ्रायण, आश्वादन एवं स्पर्श जन्य सुख पाउनको लागि मानिस लगायत साराका सारा प्राणीहरु तँछाड् मछाड् डगुर्दैछन्, धावन गर्दैछन्, संसरण गर्दैछन्। त्यसैको निमित्त उनीहरुले पसिना बगाउँदैछन्। मुटु धुक्धुक्याउँदैछन्। लडीबुडी खेल्दैछन्। पाएँ पाएँ, पाउन आँटें पाउन आँटे जस्तो भान त उनीहरुमा आउँदा रहेछन्, तर पूर्ण उपलब्धि चाहिं अझै निकै टाढा नै परिराखेका देखिंदा रहेछन्। मृगतृष्णालाई पानी सम्झी तिरमिरे घाममा पानीको प्यासले मरुभूमिमा डगुरिरहेका मृगहरु जस्तै। ती मृगहरुले पानी कहाँ पाउनु र, त्यहाँ त खालि बगिरहेको पानीको झलक मात्र छ, सूर्यको तापले निस्किराखेको बालुवाको राप मात्र छ, खास पानी कहाँ छ र ! त्यसैले ती डगुरिरहेका मृगहरु एकातिर पानीको तिर्खाले दुःख पाइराखेका हुन्छन् भने अर्कोतिर स्वाँ स्वाँ फ्वाँ फ्वाँ डगुर्दै डकावटले चूरभइकन दुःख झेलिराखेका हुन्छन्। विवेकको ज्योति न जगाई त्यसै रूपमा डगुरिरहने उनीहरुको आखिरी स्थिति के होला त्यो सहजै स्पष्ट देखिन्छ।

त्यस्तै यस संसारमा प्राणीहरु पनि पञ्चकाम विषयहरुको ोक र प्यासले छट्पटिरहेका छन्। त्यसैमा आशक्त र मूर्छित भई त्यसको रसास्वादन र त्यसबाट पाउने सुखको तृष्णाले रातोदिन गुट्मुटिरहेका छन्। तै पनि कुनै सन्तोषको आभास रत्तिभर पनि उनीहरुले आफ्नो अनुभूतिमा उतार्नसकेका छैनन्। मरीमेटी त्यसको निमित्त उनीहरुले विभिन्न क्षेत्रमा विभिन्न तरीकाले सुख अपनाउन खोजिरहेकाछन्। सुख त केही मात्रामा छन् त छ होला। तै पनि त्यो कुष्ठरोगीको आगो ताप्ने खालको सुख देखिन्छ।



Downloaded from http://www.dhamma.digital

प्राणीहरुमा कामसुखको भोक र प्यास तृष्णाले गर्दा उनीहरुको आँखा रमाइला रमाइला रूपमा रमाउँछन्, रूपलाई हेरिरहन चाहन्छन्, त्यसैमा उनीहरु आशक्त छन्, अनुरक्त छन् । उनीहरुको कान कर्णप्रिय शब्दहरुमा रमाउँछन्, शब्द सुनिरहन चाहन्छन्, त्यसैमा आशक्त छन्, अनुरक्त छन् । नाकलाई पनि सुवासित गन्धहरु मन पर्छन्, वास लिइरहन चाहन्छन्, त्यसैमा आशक्त छन्, अनुरक्त छन् । जिभ्रो पनि स्वादिलो स्वादिलो रसमा रमाउँछन्, स्वाद लिइरहन चाहन्छन्, त्यसैमा आशक्त छन्, अनुरक्त छन् । सुखस्पर्श लिन शरीर तम्सिरहेका हुन्छन्, त्यसमा रमाउँछन्, सुखस्पर्श लिइरहन चाहन्छन्, त्यसैमा आशक्त छन्, अनुरक्त छन् । यी कुराहरु जम्मै प्राणीमात्रको प्रत्यक्षीकृत अनुभवजन्य कुरा हुन् । यी आँखा, कान, नाक, जिभ्रो र काय भन्ने शरीर रूप, शब्द, गन्ध, रस र स्पर्श भन्ने काम विषयमा अतिक्षुब्ध अतिलुब्ध भई हरहमेशा रमाइरहन्छन्, कुष्ठरोगीको आगो ताप्ने प्रक्रिया जस्तो ।

आफ्नो न राम्रो ब्यसन बानि व्यहोरा क्रियाकलापको कारणले आफ्नो असंयमता र खराब लत्‌ले गर्दा मानिसमा कुष्ठरोगजस्तो घृणास्प्रद रोग लागेको हुन्छ । जति जति रोग बढ्दै चढ्दै जान्छ, त्यति त्यति नै शरीरका अंगप्रत्यंगहरु खुजल्याउन कन्याउन थाल्छन् । किन कि भित्रि तवरबाट रोगका कीटाणुहरु उठेर आउँछन् । भित्र कीटाणुहरु गतिशील भएर आउँदा अतिशय रूपमा कन्याउँछन्, कन्याए पछि हातले कोर्न थाल्छ । त्यति मात्र सन्तोष हुँदैन, निको हुँदैन । अनि दन्केको आगोको छेउमा गई आगो ताप्न जान्छ । त्यसले कीटाणुहरु हटेर केही छिन साम्य भएजस्तो हुन्छ । कन्याउँदैन । केही क्षणको लागि शान्त मात्र हुन्छ । पटक्कै रोग निको हुने त होइन ।

त्यस्तै प्राणीहरुको भित्री मनमा तृष्णाको वासना छुपिरहेको घुसिरहेको हुन्छ । जो मानसिक कुष्ठरोग नै हो । त्यसैले आँखाले रूप हेर्दा वा देख्दा हेरिरहन मन लाग्छ, कुष्ठरोग उठेर आएजस्तो । शब्द सुन्दा सुनिरहन मन लाग्छ । यो पनि रोग उठेर आएको जस्तै हो । गन्ध, रस, स्पर्शहरुलाइ पनि यस्तै यस्तै अनुभव गरिरहन मन लाग्छ । ती पनि तृष्णारुपी कीटाणुहरु उठेर आएका नै हुन् । ती कीटाणुहरु उठेर आएपछि रूप हेर्छ, शब्द सुन्छ, गन्ध सुँघ्छ, स्वादिलो रस चाख्छ, सुखस्पर्शको अनुभव गर्छ । त्यो कन्याएको कुष्ठरोगलाई शान्त पार्न आगो तापेको जस्तो होइन र ! एकछिन एकाछाक यसरी भोक प्यासलाई तारिसकेपछि भयो आज त केही गर्दिन भने भन्दै सन्तोष भएको जस्तो भान लिन्छ । सुत्न जान्छ । आगो तापेर कुष्ठरोग शान्त पारेकोजस्तो । एकछिनको लागि तृष्णा शमन हुनगयो । तृष्णा खतम भयो त ? कहाँ हुने नि ! झन् त बढेर आउँछ । जति कोर्यो कन्यो आगो ताप्यो, त्यति त्यति नै कोर्नु कन्याउनु आगो ताप्नुपर्ने भएर आउँछ । त्यसैले यसको आदि अन्त छैन, हुँदैन । होइन त !

त्यसैले होला भगवान् बुद्धले कामविषय सम्बन्धी सुखलाई स्पष्ट झल्काउन उपरोक्त उदाहरण दिइ यथार्थता बोध गराउन खोज्नु भएको ।

तसर्थ भौतिकवादमा आधारित भौतिक सुख वास्तविक एवं यथार्थ सुख होइन । विपर्यास धर्मस्वभावको कारणले मात्र प्राणीहरुले यसलाई स्वादिलो र रसिलो थानिराखेका रहेछन् ।

सुखद् घटनाहरु प्राणी मात्रले रुचाउँछन् । त्यसमा उनीहरुको चित्त रमाएका हुन्छन् । झुलिएका झुकिएका हुन्छन् । बुद्धको उपदेशको आधारमा खास सुख पाउन मानिसमा आध्यात्मिक तत्वमा आधारित शुद्ध स्वच्छ र निर्मलता हुनु अत्यावश्यक देखिन्छ । ती विना वास्तविक एवं यथार्थ सुख पाउन गाह्रो मात्रै होइन सम्भाव्य पनि देखापर्दछ ।

त्यो निर्मलता प्राप्तिको लागि र अनन्तकाल देखिको तृष्णारूपी कुष्ठरोगलाई सँधैंको निमित्त निको पार्न त्यसैले तथागतले मध्यम प्रतिपदाको प्रतिपादन आचरणार्थ भावनार्थ वृद्धि वैपुल्यार्थ गर्नुभएको स्वभाव सिद्ध छ । अन्तर्चक्षु उत्पादनको लागि, ज्ञान उत्पादनको लागि, मानसिक विकार क्लेशशमनको लागि, विशिष्टज्ञान लाभको लागि सम्बोधिको लागि र निर्वाणको लागि ।

ती मध्यम प्रतिपदा आठ प्रकारका छन्; जस्तै :



Downloaded from http://www.dhamma.digital

सम्यग्दृष्टि, सम्यक्संकल्प, सम्यग्वचन, सम्यक्कर्मान्त, सम्यग्+आजीविका, सम्यग्व्यायाम, सम्यक्स्मृति र सम्यक्समाधि ।

"सम्यग्दृष्टि" भनेको सहीदृष्टि, यथार्थज्ञान हो । केमा सहीदृष्टि हुनु त नि ? सर्व प्रथम कर्म, कर्मफललाई जान्ने कर्मस्वकत्वज्ञान, दोश्रो विपश्यना ज्ञान, तेश्रो मार्ग र फलज्ञान, यी ज्ञानहरूमा क्रमशः सही रूपमा ज्ञान हुनु सम्यग्दृष्टि हो । यो दृष्टि लाभ हुनाले रोग अन्त हुन्छ, द्वेष शान्त हुन्छ, मोह निर्मूल हुन्छ ।

"सम्यक्संकल्प" ले काम, व्यापाद र विहिंसा जस्ता कुण्ठित कुत्सित मिथ्यासंकल्पहरू चिन्तन मनन नगरी विषय वासना सम्बन्धी सबै संकल्प त्यागी नैष्क्रम्य, मैत्रीपूर्ण अव्यापाद करुणापूर्ण अविहिंसा जस्ता उच्च प्रतिष्ठित प्रशंसनीय चिन्तन मनन गर्छ ।

यसरी यस मार्गले राम्ररी सही रूपमा विचार गर्छ, चिन्तन गर्छ । यो जीवन नाम र रूपको जीवन हो । यो बिलाएर जान्छ । त्यसैले अनित्य हो । बिस्तारै बिस्तारै जीर्ण हुन्छ, यदि त्यसो न भए यो स्थिर रहन्थ्यो; तर अब जीर्ण भएर आएको छ । यसमा स्थिर छैन । सँधै विनाशशील भएकोले अवश्यमेव दुःख हो । केही सारत्व नभई स्थिरत्व नभएकोले अनात्म रहेछ भन्ने सहीविचार सम्यक्संकल्पद्वारा उब्जेर आउँछ ।

"सम्यग्वचन" झूठ बोल्नु, चुगली गर्नु, कडा बोलिवचन प्रयोग गर्नु र व्यर्थको कुरा गर्नु जस्ता मिथ्या-वचन वचीदुश्चरित्र त्यागी सत्यनिष्ठ, कर्णप्रिय मैत्रीवर्द्धक लाभप्रदत्त कुरा गर्नु हो । यो धर्म वा मार्ग अपनाउँदा कहिल्यै पनि नराम्रो बोलिवचन बोल्दैन । बोल्न मन नपरे चुप लागेर एकचित्त गरी बस्ने छ, तर नराम्रो वचन भने प्रयोग गर्दैन । कुरै गरे अनित्य, दुःख, शील, समाधि र प्रज्ञा सम्बन्धी कुरा गर्ने हुन्छ ।

"सम्यक्कर्मान्त" हिंसा, चोरी मिथ्याचार र व्यभिचार जस्ता मिथ्याकर्म कायदुश्चरित्र त्यागी अन्य प्राणीहरुको दीर्घायु हुने, निरोगी हुने, औषधोपचार गर्ने अस्पताल आदि खोल्ने, अरूहरूको सम्पत्ति सुरक्षा गरिदिने दान दिने, सरसफाइ गर्ने, बाटो घाटो बनाउने मरम्मत गर्ने विहार मन्दिरहरुको रेखदेख सफासुघर राख्ने आदि काम गर्ने हुन्छ । यसले नराम्रो काम कहिल्यै गर्दैन । विरत भएर बस्छ । कामै गर्नुपरे उपदेश दिने, ध्यान भावना गर्ने, धर्माचरण गर्ने धर्मको चिन्तन मनन गर्ने काम गर्ने हुन्छ ।

"सम्यग्आजीविका" यसले अधर्म अन्याय र अत्याचारपूर्ण जीवन बिताउँदैन । पंचशील भंगहुने गरी कुनै काम गर्दैन । भिक्षु श्रमण साधुसन्त भए भिक्षाटनद्वारा जीविका गर्ने हुन्छ । धार्मिकपूर्वक भिक्षाटन गर्छ । फूल फुल्याउने पुल पुल्याउने गर्दैन । दिए जय जयकार नदिए सराप पनि दिंदैन । छल कपट माया देखाइ भिक्षाटन गर्दैन । स्वाँग ध्याँग गरी भिक्षा लिंदैन । गृहस्थ भए भने 'अहँ, हामीले अन्याय अत्याचार गरी जीविका चलाउँदैनौं, जे जति सम्पत्ति हुन्छन्, ती जम्मै छाडेर जाने छौं । अधार्मिक रूपले कमाएको सम्पत्तिले लालन पालन गरें भने पनि यो शरीर सँधैं टिक्ने होइन; यस्तो शरीरलाई बचाउन अधार्मिक रूपमा सम्पत्ति स्याहारेर अधार्मिक रूपमा मरेर अत्याचारपूर्ण जीवनमा पुगने बेला भोग्नुपर्ने दुःख कसले भोग्लान् र ! यसै नाम र रू नै होइन र ! त्यसैले अधार्मिक जीवन बिताउने छैनौं भनी सम्यग् जीवन बिताउँछ ।

"सम्यग्व्यायाम" को आफूमा नभएको नराम्रो क्रियाकलाप कुनै हातलमा पनि नहुन दिने, भएको नराम्रो काम फेरि नहुन दिने, नभएको राम्रो क्रियाकलाप उत्पादन गराई भएकोलाई पनि पूर्ण सिद्धित्वम पुऱ्याउन अविरल रूपमा गतिशील भई प्रयत्न गर्ने स्वभाव हो । यसले उद्योग गर्दै लान्छ; बारबार प्रयास गर्दै जान्छ; जीवनमा सततः भाविता गर्दै लानु, बहुलीकृत गर्दै लानु, दोहऱ्याइ तेहोऱ्याइ उदचोग गर्दै लानु यसको प्रकृति हो । नाम रू धर्म माथि अनित्य, दुःख, अनात्म प्रकट हुनेगरी यसले फेरि फेरि उद्योग गर्दै जान्छ ।

"सम्यक्-स्मृति" स्मरण गर्दै लाने, होश राख्दै जाने यसको स्वभाव हो । यसले अनित्य दुःख अनात्मलाइ स्मरण गर्दै लान्छ । यो अनित्य दुःख अनात्म विषय अनन्तकालदेखि असंख्य जन्म देखि अविदचाले गर्दा न जानिएको स्वभाव हो । बिल्कुल अन्धोपन यस अविदचामा छ । यी नाम र रूप धर्महरु एकनाशले विनाश भइरहेका




Downloaded from http://www.dhamma.digital

यसले देख्तैन । यो विनाशलाई नै राम्रो थानी अल्झि आएको छ ।

अविदयाले नदेखिनेगरी छोपीराखे जस्तै तृष्णाले पनि लोभ्याइराखेको छ । अविदया र तृष्णाले हामीलाई सास्ति दिंदै छ । यो स्कन्ध शरीरलाई श्रृष्टि गरेर यसले दुःख दिइराखेको छ । यी नाम रूप धर्मलाइृ कर्म सँगसँगै उत्पन्न गराई यातना दिंदै छ । अपाय दुर्गतिमा पर्नुपर्ने पनि यी अविदया र तृष्णाले गर्दा नै हुन् । यसरी अति यातना र सास्ति दिने यी हुन् भन्दै जम्मैलाई स्मरण गर्दै हाम्रा यी स्कन्धशरीर अस्थिर र अनित्य रहेछन्, शारीरिक र मानसिक दुःखले भरेका रहेछन्, शरीर र मनले दुःखी नभई सुख पाउँदै छौं भनेता पनि एकैनाशले विनाश हुँदै गइरहेको यो दुःखधर्म रहेछ, हाम्रा स्कन्ध शरीरमा भित्र बाहिर सबैमा विचार विमर्श गरेर हेर्दा केही पनि सार तत्व पाउन नसकी अनात्म स्वभावधर्म मात्रै रहेछ भनी यस प्रकार सम्यक्स्मृतिले स्मरण गर्दै लगिराखेको हुन्छ ।

“सम्यक्समाधि” यो स्थिर छ । यसले नाम रूप धर्म सबै अनित्य दुःख अनात्म नै रहेछ भन्नेलाई प्रत्यक्षत हेरिराखेको हुन्छ । एकाग्रतामा पुगी दृढतापूर्वक भाविता गरिराखेको हुन्छ । त्यसरी विपश्यनाज्ञान सम्यग्दृष्टि सहित आर्यअष्टांगिक मार्गलाई बारबार बृद्धिगर्दा राग घट्दै गएको, दोष बिलाउँदै गएको मोह सेलाउँदै गएको देखिन्छ । जति जति यसको अभिवृद्धि हुँदै जान्छ, पत्र पत्र भई खपिँदै आएका रागहरू यस विपश्यना ज्ञानद्वारा एकदम जोरतोरले प्रयत्नपूर्वक दबाउँदै लानाले कम हुँदै घट्दै गएको, अविदया र तृष्णा पनि बिलाउँदै सेलाउँदै गएको स्पष्ट झल्किन्छ र अन्तमा राग निर्मूल भएको दोष नष्ट भएको मोह जडैदेखि उखेलिएको र आश्रवरहित अरहन्तत्वमा पुग्नसक्ने भएको समेत यसद्वारा स्पष्ट हुनआउँछ ।

वस्तुतः यसरी मध्यम प्रतिपदा आचरणले ज्ञानचक्षुको निर्माण हुनजान्छ । विपश्यना ज्ञानदेखि माथि चढेर मार्गफलज्ञानलाई पनि निर्माण गर्दछ । सम्पूर्ण क्लेशलाई शमन गर्ने चतुसत्य धर्मलाई विशिष्टज्ञानले बुझ्ने, त्यसैलाई कुनै त्रुटी बिना सही रूपमा जँने सम्पूर्ण दुःख शान्त भएको निर्वाणसम्म पुऱ्याइदिने यो आचरण हो र यसैबाट पूर्णसुख र अनन्त शान्तिको स्वानुभूतिपूर्ण साक्षात्कार पनि हुन्छ । तसर्थ यो नै सम्पूर्ण दुःखशमन र दमनको सही मार्ग अचूक पथ हो । सुभ लाभको सच्चा पद्धति हो । ♦



**वेलुवनाम विहार, ठेचोमा उपासिकाहरूसँग**



Downloaded from http://www.dhamma.digital

# अहिंसा

**डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर**
अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधज, धम्माचरिय

अहिंसा दुइ शब्द जोडेर बनेको शब्द हो । अ+हिंसा । “अ” प्रतिषेध अर्थवाची हो ‘न’ जस्तै; न हिंसा अहिंसा । हिंसामा हिंस धातु ‘आ’ प्रत्येय जोडिएको छ । हिंस धातुको अर्थ पालि ब्याकरण अनुसार हिंसा गर्ने अर्थमा व्यक्त छ ।

हिंसा भन्नाले पौरुषवचनद्वारा अरूलाई पीडा दिनु, दण्डादिद्वारा मार्नु पिट्नु, चोट पुऱ्याउनु, शारीरिक मानसिक यातना दिनु, सास्ति गर्नु, हानी नोक्सानी पुऱ्याउनु, हत्या गर्नु आदि जम्मै यसै भित्र समावेश भएका हुन्छन् । रगत चुसेर दुःखाइदिनु पनि हिंसा नै कहलाइन्छ । नाश गर्नु विनाश पारिदिनु पनि हिंसा नै हो । हात गोडा दण्डी आदि प्रयोग गरी हिर्काउनु, हान्नु लात् मार्नु लछाडपछाड पार्नु, सिंगले हान्नु, गला घोट्नु, बन्दूक आदिले दाग्नु, बलात्कार गर्नु, जबर्जस्ति र अन्यायपूर्वक बल प्रयोग गर्नु, आतंकित पार्नु, हमला गर्नु, खुकुरी आदिले काट्नु टाउको आदि छिनाउनु, बलि चढाउनु यी सबै नै हिंसा हुन् ।

आफूलाई पनि अरूलाई पनि कष्ट पुऱ्याउनु, दुःख दिनु हिंसाको स्वभाव हो । हिंसा भइरहेको बेलामा पनि भइसकेको बेलामा पनि यसले हानी पुऱ्याइराखेकै हुन्छ ।

यी अमानवीय व्यवहार र क्रियाकलापलाई त्यागी जब मानिस दण्डविधान शस्त्रअस्त्र विधानबाट अलग्गिएको हुन्छ, मारकाट घात प्रत्याघातमा संलग्न हुँदैन, त्यसलाई अहिंसाको संज्ञा दिन सकिन्छ । “न हिंसतीति अहिंसा” “न हिंसयति एतायाति अहिंसा” अथवा “न हिंसनं अहिंसा” भन्ने विग्रह अनुसार जसले शरीर, वचन र मनले हिंसा गर्दैन, जसमा हिंसा गराइने कारण चेतना छैन अथवा जसमा हिंसा विमरण स्वभाव मात्र छ, त्यो व्यक्ति नै साँच्चिको अहिंसक भन्न सुहाउँछ, उसको चेतना र स्वभावमा अहिंसा पलाएको छ भन्न मिल्छ ।

अहिंसा गुणात्मक अथवा भावात्मक शब्द हो । यो अन्तस्करणमा पलाउने र प्रस्फुटित हुने सद्गुणपूर्ण शुद्धचरित्र हो । यसको विकासको लागि हामीले भित्री हृदयदेखि नै सच्चरित्रताको अभ्यास गर्नुपर्दछ । आफ्नो मनलाई दिगो र दरिलो पार्न दीर्घकालीन अभ्यास चाहिन्छ ।

रीस, राग, ईर्ष्या, क्रोध, द्वेष, आक्रोश, बदलाको भावना, मान, अभिमान, आघात, कुण्ठा, म्रक्ष, शठता आदि यी मानसिक दुर्गुण र दुर्बलतालाई हटाई, पन्छाई, क्षान्ति, दया, क्षमा, धैर्य, वीर्य, मैत्री, करुणा, परोपकारिता, सद्भावना, सहिष्णुता, आत्मियता, भातृत्व, बन्धुत्व, अपनत्व, त्याग, उदारता, सहनशीलता आदि मानसिक सद्गुणहरु र दृढ सन्तुलित मानसिक सक्षमतालाई सतत सचेत गराई त्यस दिशातिर निगरानी राखी उत्पादन गराउनुको साथै त्यसमा अभ्यस्त भएर पनि रहनु अति आवश्यक हुन्छ ।

यदि त्यस किसिमको मानसिकतालाई सबल पारेर सक्षम तुल्याइराखेको छैन भने कारण न जुधेसम्म त आफू अति नै क्षमाशील, दयावान्, मैत्रीपूर्ण धैर्यधारी, प्रतिक्रिया रहित, सीदा साधा, सहनशील ठानिराखिने भएतापनि जब त्यस्तै कारण र घटनासित सामना गर्नुपर्ने हुन्छ, तब आफू पराजित भएर पनि आखिरमा बाध्यतावश हिंसाको क्षेत्रतिर ढकेलिन पुगिन्छ र चाहि न चाहिकन पनि आतंक र बर्बरतालाई अपनाउनुपर्ने स्थित आइपर्दछ । “यस्तो स्थितिमा मैले के नै गर्न सक्छु र ! यसतै परिस्थितिको सृजना भइहाल्यो क्यारे !” भनेर गुनासो पोख्नु र बहाना पार्नु बाहेक अर्को केही उपाय गर्ने बाटो सुल्झिदैन । कमजोर मानसिकता र अनभ्यस्त सच्चरित्रताको परिचय नै यही हो ।

त्यसैले मानव मात्रले यदि अहिंसालाई साकार तुल्याएर कार्यान्वन गरी कार्यक्षेत्रतिर अगाडि बढ्ने हो भने २५०० वर्ष भन्दा अघि भगवान् बुद्धद्वारा अभिव्यक्त यी निम्न कुराहरुलाई हरहमेशा चिन्तन मनन र अभ्यास गरिराख्नु नितान्त आवश्यक देखिन्छ ।



Downloaded from http://www.dhamma.digital

"हामी वैरीहरूको माझमा अवैरी भई अत्यन्त सुखपूर्वक बाँचिरहने छौं । वैरभावयुक्त मनुष्यहरू प्रति अवैरभाव जगाई हामी विहार गर्ने छौं ।"

"हामी राग द्वेषादिले आतुर भइराखेका व्यक्तिहरु बीच आतुरता रहित भई अत्यन्त सुखपूर्वक बाँचिरहने छौं । आतुरभावयुक्त व्यक्तिहरू प्रति अनातुरभाव जगाई हामी विहार गर्ने छौं ।"

"हामी ईर्ष्याभिभूत व्यक्ति मध्यमा ईर्ष्या रहित भइ अत्यन्त सुखपूर्वक बाँचिरहने छौं । ईर्ष्याभावयुक्त व्यक्तिहरु प्रति ईर्ष्या विहीनभाव जगाई हामी विहार गर्ने छौं ।"

"जबसम्म कसैले प्राणीहिंसा गर्दछ, तबसम्म त्यो व्यक्ति आर्य (श्रेष्ठ, पवित्र, उत्तम व्यक्ति) कहलाइँदैन । सबै प्राणीहरु प्रतिको अहिंसा नै "आर्य" भनाउन सक्ने गुण हो ।"

"सुखापेक्षी सुखकामी सत्वहरुले आ-आफ्नो सुखको गवेषणगरी यदि दण्डद्वारा हिंसा गर्दछ भने ती सत्वहरुले पछि सुख पाउने छैनन् ।"

"सुखापेक्षी सुखकामी सत्वहरुले आ-आफ्नो सुखको खोजिनीति गरी यदि दण्डादिद्वारा हिंसा गर्दैनन् भने त्यस्ता सत्वहरुले पछि सुख पाउने छन् ।"

"यो संसारमा साराका सारा प्राणीहरु दण्डदेखि तर्सिन्छन्; मृत्युदेखि भयभीत हुन्छन् । तसर्थ आफैले आफैलाई उदाहरणको रूपमा अगाडि राखी कसैको हत्या पनि नगर, घात पनि नगर ।"

"यो धरतीमा साराका सारा प्राणीहरुलाई आ-आफ्नो जीवन प्यारो लाग्छ । तसर्थ आफैले आफूलाई साक्षी राखी कसैको पनि हत्या नगर, घात पनि नगर ।"

यी माथि उल्लेखित बुद्धवचनहरुलाई जान्न बुझ्न सम्झन आफैलाई अगाडि साक्षीको रुपमा प्रस्तुत नगरिकन सम्भव छैन । जबसम्म अरूको दु:खदर्द मर्कापीडालाई आफैले प्रत्यक्ष अनुभव गरेको हुँदैन, तबसम्म अर्काको घाउ कति कष्टदायी छ भन्ने कुरा ख्यालै हुँदैन । गाई गोरुको घाउ कौवाले थाहा नपाउने जस्तै ।

अर्काको घाउ र दु:खदर्दलाई त त्यसै त्यसै हावा मै उडाइदिन्छन् मानिस भनाउँदाहरुले । आफूलाई सियोले घोचेकोलाई असह्य सम्झने व्यक्तिहरुले अरूलाई खुकुरीले हान्नुलाई खेलवाड र हाँसीखेली सम्झन्छन् यी मानिस भनाउँदाहरुले । आफ्नो सानो तिनो समस्यालाई भने तीनको ताड सम्झने अरूको मरणन्तिक पीडा र वेदनालाई भने नगण्य ठान्ने बानि छन् यो संसारमा । किनभने आ-आफ्नो स्वार्थले उनीहरुलाई अन्धो तुल्याइराखेको हुन्छ । भुक्ताभोगीले मात्र त्यसको मर्म बुझ्न सक्छ ।

त्यसैले भगवान् बुद्धले आफूलाई नै साक्षी स्वरूप अगाडि प्रस्तुत गर्नुपर्ने कुरा व्यक्त गर्नु भएको हो । यो कतिको महत्वपूर्ण कुरो हो, सबैले बुझिदिनु पऱ्यो । जसले यसलाई बुझ्छ, महशुस गर्छ, त्यसैले हिंसाको वास्तविकाता र अहिंसाको सत्यतालाई थाम्न सक्ने हुन्छ । त्यसैबाट अहिंसाको महत्वबोध हुन जान्छ । आजभोलि नाउँमा मात्र "अहिंसा परमो धर्मः" भइराखेको छ । तर वास्तविकता भने अर्कै भइराखेको पाइन्छ । यो सुल्टोको उल्टो स्वभावलाई यसरी धरतीका मानिस भनाउँदाहरुले कहिले सच्याउने हो ? कसलाई के थाहा !

आजको यो विश्वमा जुन किसिमको हिंसा, आतंक, बर्बरता र क्रूरताले आकाश छुन गइरहेको छ, त्यसलाई नियालेर हेर्ने हो भने आशा पलाउनुको सट्टामा निराशा पछ्याउनुपर्ला जस्तो छ । कारण ज-जसले यो धरतीमा अहिंसाको पाठ पढाउन र प्रतिष्ठा बढाउन खोजेका छन्, सत्यलाई अंलाग्न लागेका छन्, ती जम्मैलाई हिंसाले धरासायी पारिदिएका कुरा हाम्रो सामू इतिहास साक्षी छ । अहिंसाको सन्देश प्रचारक शिक्षा प्रदायक भगवान् बुद्धलाई अपवादको रूपमा राखी अन्य अहिंसाका पूजारी परमोपासकहरू हिंसाका शिकार भएको कुरा उनीहरुको रगतले सिञ्चित भई दाग परेको यो धरती अहिलेसम्म पनि साक्षीको रूपमा मौन धारण गरी विद्यमान छँदैछ । यो हो यो संसारको वास्तविक र सही अनुहार । यो अनुहार फेर्नसक्ने को हुनसक्ला यो ब्रह्माण्डमा ? व्यक्तिको रूपमा त फेला पार्नेसक्ने स्थिति छैन । हिंस्रक मनोवृत्तिलाई पुरै परिवर्तन नगरिकन यो सम्भव हुँदैन । यसको लागि उपाय के छ ? साधन के हो ? माध्यम कहाँ छ ?

आफै आफैमा न खोजिकन फेला पर्दैन । त्यसैले पनि भगवान् बुद्धको मार्गप्रदर्शन अति महत्वपूर्ण र प्रभावकारी रहेको छ – "आफैले आफूलाई साक्षी राख्नु, उदाहरण अथवा नमूनाको रूपमा आफैलाई सर्वप्रथम अगाडि उभ्याउनु प्रस्तुत गर्नु ।"


"अहिंसा परमो धर्म" : यथार्थतामा बदल्न सकुन् !

"भवतु सब्ब मंगलम्" सबै सबैको मंगल होस्, कल्याण होस् । ♦



Downloaded from http://www.dhamma.digital


# बर्मामा श्रामणेर ज्ञानपूर्णिक



आफ्ना सह भिक्षु जापानी साथीसँग




आफ्ना गुरुवर्गको समिमा




तरूणकालका ज्ञानपूर्णिक



गुरुवर महानायक प्रज्ञानन्द महास्थविरसँग



महानायक प्रज्ञानन्द महास्थविर तथा भिक्षु सुदर्शनका साथ




भिक्षु सुमंगल, भिक्षु बुद्धघोषका साथ



Downloaded from http://www.dhamma.digital


# बर्मामा शिक्षादिक्षा तथा धम्माचरिय उपाधि



धम्माचरिउ उपाधि पूर्व दीक्षान्त समारोह, महापाषाण गुफा



धम्माचरिय उपाधि लिन जानु हुँदै, महापाषाण गुफा



धम्माचरिय उपाधि ग्रहण गर्नुहुँदै



उपाधि ग्रहण पश्चात् प्रसन्न मुद्रामा



अध्ययनको क्रममा नेपाली अनागारिका तथा बर्मी सहपाठीहरूका साथमा, च्याइखमी



Downloaded from http://www.dhamma.digital

# मानवता कि दानवता ?

**डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर**
अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधज, धम्माचरिय

प्राणी जगतमा मानव प्राणी अत्यन्त उच्चस्थ अवस्थाको जीव हो । यसको अस्तित्व र महत्व अन्य कुनै प्राणीहरुसित दाँज्न र तुलना गर्न सकिनन । हरेक क्षेत्रमा यसको स्थान उच्चस्तरीय छ । आफ्नो अन्तर्निहित क्षमतालाई उजागर गर्न सकियो भने यसले गर्न नसकिने यो संसारमा केही पनि छैन । जुन कुरा आजको युगले प्रमाणित गरेर देखाइसकेको छ । भविष्यको संसारले त के के गरेर देखाउँदै गइरहने छ त्यसको लेखाजोखा कसैले पनि गर्नसक्ने छैन । किनभने मानव मन र मस्तिष्कले प्रत्येक क्षण प्रत्येक पलमा एक न एक नयाँ नयाँ आविष्कार गर्दै गइरहेको हुन्छ । त्यो गति रोकिएको हुँदैन ।

भगवान् बुद्धले भन्नुभएको छ– "लोकविसयो अचिन्तेय्यो" अर्थात् "यो संसारको विषयलाई चिन्तना गरेर साध्य हुँदैन । कारण गमनद्वारा यसको अन्त गर्न सक्तैन । चलायमान संसारको अन्त्य कहिल्यै हुँदैन ।

आविष्कार गर्नु भनेको नै एक पछि अर्को नयाँ नयाँ निर्माण एवं उत्पादन गर्दै जानु हो । पहिलेको पुरानो हुन्छ, सेलाएर जान्छ, बिलाएर जान्छ, नयाँ नयाँ जन्मदै जान्छ, उत्पन्न हुँदै गइरहन्छ;, आविष्कार हुँदै रहिरहन्छ । मानवको अगाडि फेलापर्नु र नपर्नुमा मात्रै फरक पर्ने हो र मानव मन र मस्तिष्क पनि कहिल्यै नरोकिने गतिशील प्रक्रिया हो । जुन भौतिक प्रक्रियाहरू भन्दा सयौं, हजारौं, लाखौं अझ भनौं करोडौं गुणा भन्दा पनि द्रूतगतिले गतिमान रहिरहेको हुन्छ । निरन्तर चलिरहेको हुन्छ । त्यसैले नै मानव मनले यो संसारलाई उथल पुथल पार्न सक्तछ । निर्माण तिर पनि यो सशक्त छ, ध्वंश गर्नतिर पनि यो प्रबल छ ।

कुन दिशातिर यसलाई दोऱ्हाउने हो ? त्यसको निर्णय पनि मानवले आफैले गर्नुपर्दछ । उसमाथि आधिपत्य जमाउनसक्ने अन्य प्राणी कोही पनि यो संसारमा छैन । यसको शक्ति अपार छ, अपरम्पार छ ।

मानवले जसलाई सर्वशक्तिमान प्रभुत्वसम्पन्न निर्धारित गरिराखेको छ त्यो पनि त मानवकै मन मस्तिष्कको कल्पना भित्रको उपज नै त हो नि; होइन र ! नत्र भने मानवले भने जस्तो, सोचे जस्तो, कल्पना गरे जस्तो मात्र उसले गरिरहने होइन होला नि ! उसको अहाऊ पहाऊमा नाच्न परिराखेको नै यसको ज्वलन्त उदाहरण र प्रमाण होइन र ! त्यो भन्दा माथि पुगेर मानव प्रदत्तशक्ति भन्दा बाहिर गएर उसले पनि त केही गरेर देखाउनुपर्ने थियो । तर खोई, त्यस्तो किसिमको केही असाधारण घटनाहरू यो संसारमा घटिरहेको ?

प्राकृतिक प्रकोपहरू त्यतिकै मच्चिरहेको छ; हिंसा, चोरी, डकैती, लुटमार, अत्याचार, व्यभिचार, भ्रष्टाचार, छलकपट, जालझेल आदि आदिहरू; प्राणीमात्रलाई असह्य हुने किसिमका शोक सन्ताप डाह छटपटी गराइने खालका अप्रिय घटनाहरु जघन्य अपराधहरु यो धरतीमा मच्चिराखेकै छन्, रोग भोक पिपाशाहरुले प्राणीमात्र पीडितै छन्, मरणान्तक सास्ति खाएर दुःख भोगेर चित्कार गरिरहेकै छन्, हाहाकारको परिस्थिति भोगिरहेकै छन्, कसैले अहं त्यसको निराकरण गरिदिएको पाइँदैन ।

त्यसको सट्टामा बरु मानव आफैले त्यसको उपचार सक्दोरूपमा जसो तसो गरिरहेको छ, उपचारको बाटो खोजिरहेको छ । तर ........... तर सर्वशक्तिसम्पन्न कसैले पनि "यो गर न" भनी यति मात्र समेत सुझाव पेश गरेको, अर्ति दिएको, समस्या सुल्झाइदिएको, बाटो देखाइदिएको आजसम्म पनि कहीं



Downloaded from http://www.dhamma.digital

कतै फेलापरेको पाइँदैन । हरे, यो कस्तो शक्ति हो, त्यो सर्वशक्तिमानको ! खोई, सर्वशक्तिमानहरु कहाँ लुकिबसेका छन् । कि त उनीहरु पनि मोजमस्ती मै व्यस्त छन् कि ! हाय ! मानव आफैले सबै ठोक गर्न परिराखेको छ । उसैबाट असल काम पनि भइरहेको छ; खराब काम पनि । अनि उसैबाट राम्रो प्रतिफल पनि निस्किराखेको छ; नराम्रो प्रतिफल पनि । सारा प्रलयको मार पनि उसैको थाप्लोमा बज्रिराखेको छ । अब के भन्ने भन्नुस् त !

जुन मानवमा मानवीय गुण र मानवत्व छ, मानवता जागेको छ, उसबाट असल काम भइराखेको छ, संसारको कल्याण भइराखेको छ । उसको उल्टो जुन मानवमा दानव घुसिराखेको छ उसबाट प्रलयकारी विध्वंशात्मक क्रियाकलापहरु अगाडि दावानल जस्तै बढिराखेको छ र त्यसको दुष्परिणाम पनि यो धरतीले भोगिरहनु परिरहेको छ ।


मानवता र दानवता दुबै किसिमको स्वभाव पनि मानव मन मस्तिष्कबाट नै उब्जिराखेको छ । त्यसैले आजको संसारमा यदि मानवले साँच्चै सुखानन्दको प्रतिफल चाहन्छ भने उसले कुचिन्तन, कुदृष्टि, कुभावनाको कारण आफूमा निहित दानव प्रवृत्तिलाई विवेक र बुद्धिको ब्रेक लगाई रोक्नुपऱ्यो र सही चिन्तन, सुदृष्टि र सद्भावनालाई अगाडि बढाई आफ्नो मानवत्व तथा मानवतालाई जगाई सच्चा मानव बन्नुपऱ्यो । यसमा उसको मानव स्वरूप जीवित रहिरहने छ र यस विश्व ब्रह्माण्डलाई उसले आफ्नो बनाईराख्न सकिने छ । यसलाई समृद्ध तुल्याई स्वर्ग बनाइराख्न सकिने छ ।

तसर्थ मानवको सबभन्दा महत्वपूर्ण कर्तव्य नै मानवतालाई जोगाइराख्नुमा भरपरिरहेको छ । मानवतालाई जोगाउन के कस्ता साधनहरू जुटाउनुपर्ने माध्यमहरु अपनाउनुपर्ने हो त्यो पनि मानव मन मस्तिष्क मै लुकिराखेको छ । त्यसलाई उसले आफै भित्र अनुसन्धान र उत्खनन गर्दै सजगताका साथ ध्यान पुऱ्याई आत्मसात गर्नु र प्रयोगमा ल्याउनु नितान्त आवश्यक छ । यही तथागत सम्यक्सम्बुद्धहरुको पनि महाकरुणायुक्त सन्देश हो ।

यसमा कुनै किमिको भेदभाव र संकीर्णता लुकिराखेको छैन । चाहे पुरुष होस् या त महिला, जसमा मानवता छ त्यो मानव एवं मानवी हो । जसमा त्यो छैन त्यो दानव एवं दानवी हो ।

खास भन्नुपर्दा यो संसारमा कोही पनि चेतनशील यस्तो प्राणी हुँदैन जसले आफूलाई दानव भन्न रूचाउने हो । अतएव दानवतालाई सदाको लागि त्यागी मानवताले परिपूर्ण मानव बनौं । यही धर्म हो; यही कर्म हो; र यही जीवन, जीवनको मूललक्ष्य पनि यही हो ।

चिरं तिट्ठतु जिनसासनं !




**सर्वप्रथम स्थापित विश्व शान्ति विहारमा**




Downloaded from http://www.dhamma.digital

# विभिन्न धार्मिक गतिविधिहरुमा सहभागिता



बौद्ध तीर्थयात्राको सिलसिलामा अशोक स्तम्भ, लुम्बिनी



मणिमण्डप महाविहारमा स्थापनार्थ वाट पक्नाम् थाइलैण्डबाट प्रदत्त जिनराज बुद्धमूर्ति प्रतिस्थापन क्रममा



श्री सुमंगल विहार, लुँखुसि, ललितपुरमा धर्मोपदेश गर्नुहुँदै



त्रिशुली धार्मिक भ्रमणको बेलामा प्रवचन दिंदै



त्रिशुलिमा यु.बौ.म नेपालको धार्मिक भ्रमणमा युवा




थाई भिक्षुहरूलाई नेपाली भिक्षुहरूद्वारा स्वागत



Downloaded from http://www.dhamma.digital

# विभिन्न धार्मिक गतिविधिहरुमा सहभागिता



मस्कोमा ABCP एक्जेक्यूटिभ मेम्बरहरूको बैठकमा



उलान् बातोर ABCP सम्मेलनमा भागलिँदै नेपाली भिक्षुहरू



वाराणसेय्य संस्कृत विश्वविद्यालयका विशिष्ट व्यक्तिहरू तथा प्राध्यापकहरू एवं विभिन्न देशका छात्रहरू



मासाच्यूसेट् ध्यानकेन्द्र, अमेरिकामा अस्थाई योगी भिक्षुहरूसँग



बैंककमा सम्पन्न चतुर्थ विश्व बौद्ध सम्मेलन




जेन गार्डेन कुण्डासान्, कोटा किनाबालू ध्यान केन्द्रमा



Downloaded from http://www.dhamma.digital

# धेरै जान्दैमा धर्मधर बन्दैन

**डा. भिक्षु ज्ञानपूर्णिक महास्थविर**
अग्गमहापण्डित, अग्गमहासद्धम्मजोतिकधज, धम्माचरिय

सद्धर्म अथवा सत्पुरुषधर्म धारण गरिराख्ने व्यक्तिलाई 'धर्मधर' भनिन्छ । धर्म वचनद्वारा पनि धारण गरिन्छ, हृदयद्वारा पनि जान्नु स्वभावले पनि धारण गरिन्छ, विद्यमान स्वभावले पनि । अध्ययन अन्वेषण गर्नु श्रवण गर्नु सम्झनु आदिद्वारा कण्ठस्थ पारी धारण गरिराखेका धर्महरु प्रत्यक्ष जीवनमा प्रयोगगरी आचरण अभ्यास र उद्योग नगरेमा आफ्नो अन्तस्करणमा बिल्कुल नअडी ओठको टुप्पोमा मात्र अडिरहने भएकोले त्यसलाई ओठे-धारण भन्नुपर्ने हुन्छ । संज्ञाज्ञान संकेतज्ञानको रुपमा धारण गरिराखेको धर्म बहुश्रुतको रुपमा मात्र रहने भएकोले र आफ्नो अधीनस्थ विद्यमान नरहेकोले जान्नुस्वभाव मात्र भएको "ज्ञानधारण" भन्नुपर्ने हुन्छ ।

त्यस्तो नभई कण्ठस्थपारी ओठले धारण गरिराखेका धर्महरुलाई प्रत्यक्ष जीवनमा प्रयोग गरी आचरण अभ्यास र अभिवृद्धि गरिराखेको आफ्नो अन्तस्करणमा प्रतिपत्तिधर्मको रुपमा दृढ स्थिर पूर्वक प्रतिस्थापित भइरहने भएकोले हृदयग्राही भन्नुपर्ने हुन्छ। प्रज्ञाज्ञान, सत्यज्ञानको रुपमा सोझै धारण गरिराखेको धर्म बहुश्रुतज्ञान स्वभाव भन्दा माथि उठी आफैमा अन्तर्निहित विद्यमान स्वभाव भएर धारण गरिएको भनेर पनि भन्नु पर्ने हुन्छ ।

लोकजनहरुले धर्मलाई ओठे-धारण गरिराखेको व्यक्तिको कुरालाई भन्दा हृदयदेखि धारण गरिराख्ने व्यक्तिको कुरालाई बढी मान्यता दिन्छन्। ज्ञानस्वभावद्वारा धारण गरिराखेको व्यक्तिको धर्मलाई भन्दा विद्यामान स्वभावद्वारा धारण गरिराखेको व्यक्तिको धर्मलाई बढी मूल्यवान ठान्छन् । लोकजनले सद्धर्मको मूललाई पुद्गल अधिष्ठानद्वारा निर्णय गर्दैन, धर्म अधिष्ठानद्वारा निर्णय गर्छन् ।

त्यस तथ्यलाई निम्न कथावस्तुद्वारा प्रष्ट्याउन सकिन्छ ।

बुद्धकालीन अवस्थामा एकजना कुलपुत्र बुद्धशासनमा श्रद्धाराखी भिक्षु भए । उमेर ढल्कीसकेको थियो । धर्मग्रन्थ अध्ययन गर्ने समय दिन सकिन्नथ्यो । एक दुई कुरा अध्ययन गरे । भावना धर्म उद्योग र अभ्यास गर्ने प्रक्रिया सिके । अप्रमाद स्मृतिमार्गलाई मात्र राम्रो कल्याण मित्र समक्ष सिके । जंगल भित्र पसी एक्लै ध्यानभावनामा लीन भए मार्ग निर्देशन अनुसार कार्यरत भए । केही समय भित्र मै चारमार्ग चारफल ज्ञान लाभ गरी अरहन्त भए ।

एक्लै जंगलमा बस्ने भएकोले र धेरै अध्ययन गर्न नपाएकोले एउटा गाथा मात्र वहाँलाई आउँथ्यो । गुरु आचार्यहरुले सिकाएर ल्याएको अप्रमादमार्ग निर्देशन । त्यसैले जंगलमा एक्लै बस्दाबस्दै त्यही एउटा गाथा पाठ गर्ने बानी थियो । वहाँले त्यो गाथा पाठ सक्याउने प्रत्येक अवस्थामा जहिले पनि वन जंगल पहाड पर्वत निवासी देवी देवताहरुले सारा ठाउँ गुञ्जित हुने गरी साधुवाद दिनेगर्थे । देवताहरुले "ज्ञान र आचरण कस्तो मिलेको, बुझिराखेको धर्मलाई साक्षात् रुपमा आचरण, अभ्यास र उद्योग गर्न कसरी जानेको, लक्ष्यसम्म पुग्नेगरी कसरी उद्योग गर्न जानेको" भनी वहाँलाई प्रशंसा गर्दै साधुवाद दिन्थे ।

वहाँमा एउटै मात्र गाथा आउने भएकोले वहाँको पुरानो नाउँ समेत लोप भई एक+उदान=एकुदान स्थविर भन्ने नाउँ रहन गयो ।

एक समयमा एकुदान स्थविरको बसोबास स्थल त्यस जंगलमा दुई जना त्रिपिटकधर स्थविरहरु आइपुगे । एकएक जनाको ५००/५०० शिष्यहरु पनि

 घृणा घृणाद्वारा घट्दैन बल्कि यो प्रेमद्वारा घट्दछ, यो शास्वत नियम हो । – **भगवान् बुद्ध**

Downloaded from http://www.dhamma.digital

साथमा थिए। त्रिपिटकधर स्थविरहरु आइपुगे भन्ने सुन्ने बित्तिकै एकुदान स्थविर एकदम हर्षित भए । आउने बित्तिकै उपदेशको लागि प्रार्थना गर्न थाले -"भन्ने, म बुढेसकालमा प्रव्रजित भएँ । केही पनि अध्ययन गर्न पाइएन । उपदेश सुन्ने मेरो ठूलो इच्छा छ । म प्रति अनुकम्पा राखी उपदेश गर्नोस् ।" अरहन्तमा पनि उपदेश सुन्ने मनसाय छ । वहाँले त्यही धर्ममार्ग अपनाएर आफ्नो स्तर माथि उचाल्नसकेकोले धर्मको गुण उपकार जानी धर्मलाई अत्यधिक महत्व दिनेगर्छ ।

एकुदान स्थविरको त्यो प्रार्थना सुनी त्रिपिटकधर स्थविरले "यो जंगलमा धर्मश्रोता परिषद् छ त ?" भनी सोधे ।

"भन्ते, मनुष्य परिषद्को रुपमा त म एक्लै नै छु। तर देवताहरु त थुप्रै छन्। तिनीहरुले पनि उपदेश सुन्छन्। मैले राती राती एउटै मात्र गाथा पाठ गर्दामा समेत जंगलभरी गुञ्जिने गरी साधुवाद दिन्छन् । देवताहरु उपदेश सुन्न असाध्यै मन पराउँदछन् ।"

त्यसो भएर दुईजना त्रिपिटकधर स्थविरहरुले पालैपालो गरी उपदेश गर्न थाले । सम्पूर्ण त्रिपिटक कण्ठस्थ पारिराखेका, सारा धर्मका कुरा आउने भएकोले कर्णप्रिय हुनेगरी विभिनन प्रकारले अलंकृतपारी उपदेश दिए । उपदेशको अन्त्यमा एकुदान स्थविरले साधुवाद दिए । तर एउटा पनि देवताको साधुवाद सुनिएन । त्यसैले दुबैजना स्थविरहरुले एकुदान स्थविरसंग सोधे -"कस्तो त भाइ, तपाईले त अघि देवताहरु उपदेश सुन्न मनपराउँछन् रे नि । हामीहरु उपदेश गर्दागर्दा थाकिसक्यौं, कोही पनि देवताले साधुवाद भनेन नि त ? देवताहरुले उपदेश नै सुनेनन् कि क्या हो ?"

एकुदान स्थविरले "हो भन्ते, मैले उपदेश गर्दा यतिका उपदेशहरु कहाँ हुन्थे, खाली उउटै मात्र गाथा त हो नि । तैपनि प्रत्येकबार सारा वन जंगल पहाड पर्वतवासी देवताहरुले सम्पूर्ण क्षेत्र नै गुञ्जिने गरी साधुवाद दिनेगर्छन्, तपाईहरुले दिएका उपदेश माथि देवताहरुले साधुवाद नदिनुको बारेमा त मैले केही पनि निवेदन गर्न जानिन भन्ते" भनी बिन्ति गरे ।

अनि दुई जना त्रिपिटकधर स्थविरहरुले एकुदान स्थविरलाई "त्यसो भए तपाईले जहिले पनि उपदेश गर्ने त्यो गाथा एकचाटी भन न त" भनी प्रेरणा दिए । एकुदान स्थविरले आफूमा आइराखेको एउटा गाथाको उपदेश नै तुरुन्त पाठ गरिहाले । त्यसबेला वन जंगलद निवासी देवताहरुले सारा जंगल नै उन्नादित हुने गरी साधुवाद दिए । त्यसो हुँदा दुईजना त्रिपिटकधर हरुले त केही भनेनन् । तर वहाँहरुका शिष्य एकहजार परिषदमा असन्तुष्टि फैलियो । यी देवताहरु अन्यायी छन् । हाम्रा गुरुहरुले त्यस्तो ब्याख्या गरी उपदेश दिंदा भने यी देवताहरुले साधुवाद दिएनन् । खाली एउटा मात्र गाथा पाठ गर्दा भने सारा जंगल गुञ्जिनेगरी साधुवाद दिन्छन् । यी देवताहरुले मुख हेरेर काम गर्छन् ।" उनीहरुले उपहास गर्न थाले ।

देवताहरुले साधुवाद नदिनाको कारण के थियो भने एकुदान स्थविरले एउटै मात्र गाथा पाठ गरे तापनि साधुवाद दिनुमा "वहाँ जान्नु हुन्छ, जानेकै रुपमा आचरण गर्नुहुन्छ, ज्ञान र आचरण मिल्छ । अरहत्तफल समेत लाभ हुनेगरी आचरण गरिराख्नु भएको भएपछि वहाँले धारण गरिराख्नुभएको धर्मको धर्म ओठे-धारण मात्र नभई साँच्चिकै आचरणको रुपमा हृदयग्राही पारेर धारण गरिराख्नु भएको कारणले वहाँको धर्म नै खास आत्मीयधर्म, विद्यमान धर्म हो । त्यसरी अन्तस्करणदेखि नै धारण गरिराखेको धर्म, आत्मीय विद्यमान धर्मलाई मात्रै देवताहरुले साधुवाद दिन्छन् रे ।

दुबैजना त्रिपिटकधर स्थविरहरुले दिनुभएको उपदेश नराम्रा त होइनन् । उपदेश असाध्यै राम्रा छन् । तर दुबै त्रिपिटक स्थविरहरु साधारण पृथग्जन नै रहेका छन् । खालि त्रिपिटक मात्र ओठले धारण गरिराखेका छन् । आफ्नो लागि मार्गज्ञान, फलज्ञान लाभ हुनेगरी उद्योग र अभ्यास गरेका छैनन् । तसर्थ ओठले धारण गरिराखेता पनि खालि श्रुतज्ञान मात्र रहेका छन्, विद्यमान प्रत्यक्षीकृत आत्मीय निजी धर्म भएका छैनन् रे !"

यस कथावस्तुको सारांस हो -

जान्नु मात्र, बिना आचरण, पर्दैन मन कसैको ।<br>
बन्छ औषधी खाँदैन वैद्यले, भने जस्तै हुन्छ यो ।<br>
भएमा आचरण, हुन्छ प्रशंसा, बुझिन्छ भित्त भो ॥



Downloaded from http://www.dhamma.digital

# भिक्षु ज्ञानपूर्णिक महास्थविरका कृतिहरु




उहाँका रचनाहरू




उहाँका कृतिहरू




नेपाली, नेपालभाषा र अंग्रेजीमा प्रकाशित वहाँका ५० भन्दा बढी पुस्तकहरू



अनुदित पुस्तकहरू




म्यानमारबाट प्रदान गरिएको उपाधि



Downloaded from http://www.dhamma.digital

# भिक्षु ज्ञानपूर्णिक महास्थविरद्वारा स्थापना गरेको विश्व शान्ति बिहार




विवश्व शान्ति बौद्ध शिक्षालयका शिक्षार्थीहरू र शिक्षक शिक्षिकाहरूका साथ



वि.शा.बौ.शि.का शिक्षक शिक्षिकाहरूका साथ



वि.शा.बौ.शि.का शिक्षार्थीहरू क्लाश प्रवेश पूर्व प्रार्थना गर्दै



विश्व शान्ति विहार, नयाँ बानेश्वरका भिक्षु तथा श्रामणोरगण भोजनशाला प्रवेश पूर्व लाइनमा



Downloaded from http://www.dhamma.digital


# भिक्षु ज्ञानपूर्णिक महास्थविरका ताजा फोटोहरु



धर्मदेशना गर्नुहुँदै



आफ्ना शिष्य भिक्षु, अनागारिका तथा उपासक उपासिकासँग



बौद्ध सेमिनारमा मन्तव्य दिनुहुँदै



आफ्ना शिष्य भिक्षु तथा अनागारिकाहरूसँग




संघनायक अभिनन्दन ग्रहण गर्नुहुँदै भिक्षु ज्ञानपूर्णिक महास्थविर



Downloaded from http://www.dhamma.digital